का.जि.प्र.का.द.नं. १००/०५९/६०
७ चैत २०७९,
मंगलबार
21 March 2023,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ५५ । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com



# गठबन्धन बदलेर विश्वासको मत

| पक्षमा | विपक्षमा | तटस्थ | जम्मा मतदान |
|---|---|---|---|
| १७२ | ८९ | १ | २६२ |

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ चैत

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त भएको छ । प्रतिनिधिसभाको सोमबारको बैठकमा प्रधानमन्त्री दाहालले पेस गरेको विश्वासको मतसम्बन्धी प्रस्तावको पक्षमा एक सय ७२ मत खसेको हो । मतदानमा दुई सय ६२ सांसद उपस्थित भएका थिए ।

सभामुख देवराज घिमिरेले मत विभाजनको परिणाम सार्वजनिक गर्दै उक्त प्रस्तावको पक्षमा एक सय ७२ मत खसेको र सो मत प्रतिनिधिसभाको तत्काल कायम सम्पूर्ण सदस्यको बहुमत पुगेकाले प्रधानमन्त्री दाहाललाई विश्वासको मत प्राप्त भएको घोषणा गरे । प्रस्तावको विपक्षमा ८९ मत खसेको छ। विश्वासको मत दिन्न भन्नेमा एक मत परेको छ ।

प्रधानमन्त्री दाहाललाई नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी नेपाल, नेकपा (एकीकृत समाजवादी), जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, राष्ट्रिय जनमोर्चा र आम जनता पार्टीका सांसद तथा >>> पृष्ठ २ मा

## 'अब सरकार आरामसँग चल्छ'

*विश्वासको मत पाएपछि प्रधानमन्त्री प्रचण्डले अब सरकार आरामसँग चल्ने बताएका छन् । विश्वासको मत पाएपछि संसद भवन बानेश्वरमा सञ्चारकर्मीसँग कुरा गर्दै प्रधानमन्त्री प्रचण्डले अब सरकार विस्तार गर्ने बताए । उनले केही दिनभित्रै सरकारले पूर्णता पाउने जानकारी दिए ।*

*आफूलाई पर्याप्त विश्वासको मत प्राप्त भएकाले अब आरामसँग सरकार चल्ने उनको विश्वास छ । उनले आफ्नो भारत भ्रमण यो महिनाको अन्तिमतिर हुने पनि बताए ।*

> गत पुस १० गते प्रधानमन्त्रीमा नियुक्त भएका प्रधानमन्त्री दाहालले पुस २६ गते प्रतिनिधिसभाबाट विश्वासको मत लिएका थिए । त्यतिबेला उनलाई प्रतिनिधिसभाका २७० सांसदमध्ये २६८ सांसदले विश्वासको मत दिएका थिए ।

# कांग्रेस र एमालेमाथि नै शंका !

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ६ चैत

विश्वासको मत पाएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले अब सरकार आरामसँग चल्ने बताएका छन् । केही दिनभित्रै सरकारले पूर्णता पाउने र सरकारको कामले स्पिरिट लिने उनको सार्वजनिक प्रतिवद्धता छ ।

तर प्रतिनिधिसभा बैठकमा विश्वासको मत लिँदै गर्दा प्रधानमन्त्री प्रचण्ड स्वयंले आफना चुनौतीहरु पस्किएका छन् । गहिरिँदो आर्थिक संकटमोचन र राजनीति स्थायीत्व कायम राख्नुपर्ने विषय उनी आफैंले बताएका छन् । अर्थात, प्रचण्डकै अनुसार उनका लागि आगामी दिन काम गर्न त्यति सजिलो देखिँदैन । यद्यपि राजनीति स्थायीत्व, अर्थतन्त्र सुधार, वैदेशिक कुटनैतिक सम्बन्धन सुधार, जनजीविका लगायतका विषयमा उनले योजनासहित एजेण्डा प्रस्तुत गरेका छन् ।

प्रधानमन्त्रीको प्रस्तावको विपक्षमा उभिँदै एमालेले आफ्नो उपस्थितिबिना राष्ट्रिय सहमति गरेर देखाउन चुनौती दिएको छ । राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले प्रचण्डलाई गाडी फेरिरहने ड्राइभरको संज्ञा दिए । प्रधानमन्त्रीले नयाँ गाडी चलाउँछु भनेपछि आफूले हाइड्रोजन गाडी दिएपनि स्टार्ट नहुँदै हामफालेर पुरानै गाडी चलाउन गएको उनले आरोप लगाए । लिङ्देनले घुमाउरो शैलीमा प्रधानमन्त्री प्रचण्डबाट मुलुक चल्न नसक्ने स्पष्ट सन्देश दिएका छन् ।

सत्ता स्वार्थको बाध्यात्मक परिस्थितिमा प्रचण्डलाई समर्थन गरेको कांग्रेसको हातमा सत्ताको चाबी छ । निर्वाचनपछि प्रधानमन्त्रीको दौडमा रहेका देउवालाई छक्याउँदै प्रधानमन्त्री भएका प्रचण्डले राष्ट्रपतिसँग सौदाबाजी गरी तत्कालका लागि सरकार ढलनबाट बचाउन सफल भए । आगामी दिनमा सत्तामा टिक्नका लागि कांग्रेसलाई रिझाउनु पर्ने बाध्यता छ ।

तेस्रो कार्यकालमा भाषणभन्दा पनि केही गरेर देखाउने प्रतिवद्धता जनाएका उनका लागि सहजता भन्दा ज्यादा चुनौती छन् ।

### संक्रमणकालीन न्याय

शान्ति प्रक्रियामा आएको १७ वर्षपछि प्रचण्डविरुद्ध सर्वोच्च अदालतमा मुद्दा परेको छ । अदालतले पनि त्यो मुद्दालाई नियमित प्रक्रियाकै रुपमा अगाडि बढाएकाले प्रचण्ड फस्किएको हुनसक्ने राजनीतिक शास्त्रका अध्यापक लोकराज बरालको विश्लेषण छ ।

'सर्वोच्च अदालतले पनि पहिलो सुनुवाइ गरेपछि यो विषय हेर्न आयोग छ, त्यसले हेर्छ भनिदिएको भए राम्रो हुन्थ्यो' विश्लेषक बराल भन्छन्, 'तर कारण देखाउ आदेशमार्फत नियमित जस्तो गर्न खोजिएपछि प्रचण्डको मनमा त्रास हुनु स्वाभाविक हो ।' यही मुद्दाले पनि राजनीतिक रुपमा बलियो हुन समाजवादी मोर्चाको पहल अगाडि बढाएको हुनसक्ने बराल बताउँछन् । 'अहिले द्वन्द्वकालीन मुद्दालाई ख्याल गर्ने र सोही मोर्चालाई दीर्घकालसम्म राजनीतिक प्लेटफर्म बनाउने उद्देश्य पनि हुन सक्छ', उनी भन्छन् ।

> संसदमा प्रधानमन्त्री प्रचण्डले राजनीति स्थायित्व, अर्थतन्त्र सुधार, वैदेशिक कुटनैतिक सम्बन्धन सुधार, जनजीविका लगायतका विषयमा योजनासहित एजेण्डा प्रस्तुत गरेका छन् ।

स्वयं प्रचण्डको सार्वजनिक अभिव्यक्तिले पनि सर्वोच्चको मुद्दाबाट फस्किन पुगेको अनुमान लगाउन सकिन्छ । 'हामी चिन्तित हुन त हुँदैन । तर, सतर्कता गुम्न पनि दिन हुँदैन । हामी सतर्क भने हुनैपर्छ', अघिल्लो साता काठमाडौंमा आयोजित एक कार्यक्रममा प्रचण्डले भनेका थिए ।

चैत ६ गते प्रतिनिधिसभामा प्रधानमन्त्रीका लागि विश्वासको मत माग्दै गर्दा पनि प्रचण्डले संक्रमणकालीन न्याय आफ्नो प्राथमिकतामा रहेको बताएका छन् ।

### अंकगणित

३२ सिटको माओवादीका अध्यक्ष प्रचण्डलाई ७८ सिटको एमालेले समर्थन गर्दा १० पुसमा प्रधानमन्त्री बनेका थिए । त्यो समीकरण बदल्दा अहिले ८९ सिटको कांग्रेससहित १० दलीय मोर्चाको समर्थन प्रचण्डलाई छ । विश्वासको मत माग्दा उनले १७२ सांसदको समर्थन प्राप्त गरेका छन् ।

तर प्रधानमन्त्री प्रचण्डले ढुक्कले नेतृत्व गर्ने अवस्था देखिँदैन । एमालेसँग गठबन्धन हुँदा सरकारलाई मार्गनिर्देशन गर्न भनेर एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको संयन्त्र बनेको थियो । संयन्त्रका नेताका हैसियतमा ओलीले गरेको हस्तक्षेप प्रचण्डले गठबन्धन बदल्नुको एक मुख्य कारण थियो ।

अहिले गठबन्धन बदल्दा पनि प्रधानमन्त्री प्रचण्डलाई कांग्रेस नेताहरुले सीमा सम्झाउन थालेका छन् । आइतबार राजधानीमा आयोजित एक कार्यक्रममा कांग्रेस महामन्त्री गगन थापाले प्रधानमन्त्रीको उत्तरदायित्वबारे प्रश्न उठाएका थिए । 'हामी गठबन्धनको सरकारको अभ्यास गरिरहेका छौं, तर यस्तोमा प्रधानमन्त्री दलको वा गठबन्धनको नेता हुने कि सरकारको नेता हुने भन्ने मुख्य प्रश्न देखिरहेको छ', थापाको भनाइ थियो ।

कांग्रेसका अर्का नेता डा. मिनेन्द्र रिजालले पनि सत्ता गठबन्धनको मार्गचित्र भन्दा दायाँबायाँ गर्ने छुट प्रधानमन्त्रीलाई नभएको बताएका छन् । प्रचण्डका पछिल्ला अभिव्यक्ति, पूर्व माओवादीसँगको निरन्तरको संवाद, जनयुद्ध दिवसमा सार्वजनिक विदा लगायतबारे रिजालको टिप्पणी छ, 'नेपालको राजनीति माओवादीका कारण यहाँसम्म आएको हो, >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# सामाजिक सुरक्षा कोषले वैदेशिक रोजगारीमा रहेका कामदारहरुको सूचीकरण गर्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ चैत

सामाजिक सुरक्षा कोषले बुधबारदेखि वैदेशिक रोजगारीमा रहेका कामदारहरुको सूचीकरण गर्ने भएको छ । बुधबार राजधानीको राष्ट्रिय सभागृहमा सूचीकरण कार्यक्रमको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गर्ने कोषले जानकारी दिएको छ ।

सामाजिक सुरक्षाको दायरा विस्तार गर्ने उद्देश्यले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ अनुसार स्थापित कोषले वैदेशिक रोजगारीमा रहेका श्रमिकहरुलाई आवद्ध गर्ने कामलाई अभियानका रूपमा अघि बढाएको बताएको छ ।

कोषका प्रवक्ता विवेक पन्थीले विदेशमा गएर काम गर्ने नेपाली कामदारलाई पनि योजनामा समावेश गर्ने उद्देश्य राखिएको भन्दै बुधबारदेखि औपचारिकरुपमा प्रक्रिया शुरु गर्ने बताए ।

सूचीकरण भएपछि वैदेशिक रोजगारमा जाने तथा वैदेशिक रोजगारमा >>> पृष्ठ २ मा

## भण्डारी ओभरसिजद्वारा कामदारका समस्या समाधान

काठमाडौं/मस- भण्डारी ओभरसिज प्रा.लि.ले वैदेशिक रोजगारीका क्रममा मलेसियामा समस्यामा परेका नेपाली कामदारको समस्या समाधान गरेको छ । समस्या समाधानका लागि कम्पनीका प्रबन्ध-निर्देशक माधव भण्डारी आफैं मलेसिया पुगेका थिए ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका प्रथम उपाध्यक्ष एवं अन्तर्राष्ट्रिय समन्वय समितिका संयोजक डिकबहादुर खत्री 'कुमार'को उपस्थितिमा कामदारलाई हालसम्मको तलब सुविधा दिएपछि समस्याको समाधान भएको हो । तलब पाएका कामदारहरूले शुक्रबारदेखि नियमित काममा >>> पृष्ठ २ मा

# बालेनका योजना अलपत्र

मेयर शाहले फोहोर व्यवस्थापन, सार्वजनिक शौचालयको व्यवस्थापन, अव्यवस्थित शहरीकरण र सुकुम्बासी समस्या समाधानको योजनासहित अग्रसरता देखाएका थिए ।



**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ६ चैत ।

गत स्थानीय निर्वाचनमा निकै चर्चामा आएर काठमाडौं महानगरको मेयरमा विजयी भएका बालेन्द्र शाहका योजना एकपछि अर्को अलपत्र पर्न थालेका छन् । पुराना राजनीतिक दलको कार्यशैलीबाट असन्तुष्ट जनताले उनीप्रति धेरै अपेक्षा राखेपनि काम भने अपेक्षाकृत हुन नसकेको हो । बालेनले काठमाडौं उपत्यका सुधारका लागि ल्याएको प्रत्येक वडामा प्रविधियुक्त क्लिनिक, वृद्धवृद्धालाई घरमै स्वास्थ्य परीक्षण, ट्राफिक व्यवस्थापन, सार्वजनिक शौचालयको व्यवस्थापन, भत्काइएको संरचनाको व्यवस्थापन र सुकुम्बासी बस्ती हटाउने उनका योजना अलपत्र परेको हो ।

काठमाडौं महानगरभित्र रहेका 'बस स्टप'हरुमा परम्परागत शैलीको फल्चा निर्माण गर्ने, उपत्यकाभित्र >>> पृष्ठ २ मा

## UAE मा महिला Security Guard हरूको लागि रोजगार

कम्पनी: SENTINELS SECURITY SERVICES LLC शहर : DUBAI
पूर्व स्वीकृत मिति: २०७८/०८/१४ चलानी नं.: ६०१६९१९२ LT. No.: 252471 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 0 | 2 | स. काममा दक्ष | 1600 | ५२,२०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Approval Ready भएको हुनाले २० दिन भित्र उडि सक्नुपर्ने छ ।

- ★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
- ★ उमेर २२ बर्ष देखि ३५ बर्ष ननाघेको र महिलाको हकमा उचाई ५ फिट भन्दा माथि हुनुपर्नेछ ।
- ★ Civil, Ex-Army, Police मा कम्तीमा ३ वर्षको अनुभव भएकाहरूलाई विशेष ग्राह्यता दिइनेछ ।

## युएईमा रोजगार

कम्पनी: AL KHEBRA ON DEMAND LABORS SUPPLY शहर : UAE, DUBAI
पूर्व स्वीकृत मिति: २०७९/१२/०६ चलानी नं.: ६०१९८४३० LT. No.: 282952

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper | 50 | 0 | स. काममा दक्ष | 900 | ३२,२९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०७९ चैत्र १३ र १४ गते (27 & 28 March 2023) मा हुनेछ ।
अन्तर्वार्ता चितवनमा मिति २०७९ चैत्र १५ गते (29 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

MARS MANPOWER SERVICES PVT. LTD.
Buddhanagar, Kathmandu, Nepal | Tel. No.: 01-5913073
Mobile No.: 9841307095, 9851013696, 9803242747. Chitwan: 985-5061828
Web.: www.marsmanpowerservices.com
Email: info@marsmanpowerservices.com
Gov. Lic No. 1471/074/075

सरकारको निर्णय

# रासायनिक मलमा दिँदै आएको अनुदान यथावत

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ चैत



सरकारले रासायनिक मलमा दिँदै आएको अनुदान यथावत् राख्ने निर्णय गरेको छ । सोमबार बिहान प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकले रासायनिक मलमा दिँदै आएको अनुदान कटौती नगरी यथावत् राख्ने निर्णय गरेको हो । यसअघि कृषि तथा पशुपक्षी विकास मन्त्रालयको विषयगत समितिले रासायनिक मलमा दिँदै आएको अनुदान कटौती गर्ने निर्णय गरेको थियो ।

बैठकले रासायनिक मलमा दिँदै आएको अनुदानबारे विस्तृत अध्ययनपछि आवश्यक निर्णय गरी आगामी दिनमा थप व्यवस्थित र वैज्ञानिक बनाउने निर्णयसमेत गरेको सरकारका प्रवक्ता एवं सञ्चार, सूचना तथा प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन् ।

**पाँच डिआइजी एआइजीमा बढुवा**

मन्त्रिपरिषद्को सोमबारको बैठकले नेपाल प्रहरीको जनपद समूहतर्फको पाँचजना प्रहरी नायब महानिरीक्षक (डिआइजी)लाई प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी)मा बढुवा गर्ने निर्णय गरेको छ । उनीहरुलाई फागुन २६ गते गृहसचिव नेतृत्वको बढुवा सिफारिस समितिको बैठकले प्रहरी नियमावली २०७१ (संशोधनसहित)को नियम २७ को उपनियम (४) अनुसार एआइजीमा बढुवाका लागि सिफारिस गरेको थियो । सोही सिफारिसका आधारमा मन्त्रिपरिषद्ले बढुवा गर्ने निर्णय गरेको हो ।

यसरी एआइजीमा बढुवा हुनेमा मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआइजी बसन्तबहादुर कुँवर, लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआइजी टेकप्रसाद राई, बागमती प्रदेश प्रहरी कार्यालका प्रमुख डिआइजी दीपक थापा, कोशी प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआइजी श्यामलाल ज्ञवाली र प्रहरी प्रधान कार्यालय, आर्थिक प्रशासन तथा प्रबन्ध निर्देशनालयमा रहेका डिआइजी किरण बज्राचार्य रहेका छन् । प्रहरी महानिरीक्षक धीरजप्रताप सिंह चैत ११ गते अनिवार्य अवकाशमा जाने हुँदा बढुवा भएकामध्ये एकजना एआइजीलाई सरकारले प्रहरी महानिरीक्षक (आइजिपी) मा पदोन्नति गर्नेछ ।

यस्तै सरकारले कार्यविधि बनाएर 'अयोग्य' लडाकूहरुलाई राहत दिने निर्णय गरेको छ । मन्त्रिपरिषद्को सोमबार बसेको बैठकले कार्यविधि बनाएर राहत उपलब्ध गराउने निर्णय गरेको हो । दश वर्षे सशस्त्र द्वन्द्वको अन्त्यसँगै नेपालमा स्थापित भएको संयुक्त राष्ट्रसंघीय मिसन (अनमिन) ले माओवादीका १९ हजार ६०२ जना लडाकुहरुलाई प्रमाणीकरण गरेको थियो ।

त्यसबाहेक ४ हजार ९ जनाको मापदण्ड नपुगेको भन्दै अयोग्य घोषणा गरिएको थियो । अयोग्य घोषणा गरिएकाहरुमध्ये धेरैजसो बाल सैनिक वा ढिलो गरी माओवादी लडाकुको रुपमा भर्ना भएकाहरु थिए ।

६ अर्ब ५७ करोड अनुदान स्वीकार

सरकारले विद्यालय शिक्षा क्षेत्र कार्यक्रमका लागि युरोपियन युनियनबाट प्राप्त हुने ५० मिलियन युरो (करिब ६ अर्ब ५७ करोड) बराबरको अनुदान सहायता स्वीकार गर्ने भएको छ । मन्त्रिपरिषद्ले नेपाल र बङ्गलादेशबीच 'सियरिङ अफ सिरयल टाइम हाइड्रो मेट्रोपोलिटिकल डेटा एन्ड'को समझदारीपत्रमा हस्ताक्षर गर्न स्वीकृति दिने र विद्युत् नियमन आयोगका सदस्य रामेश्वरप्रसाद कलवारले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले जनाएको छ ।

त्यसैगरी, राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडलाई जयपृथ्वी नगरपालिका १ को करिब दुई सय ८३ रोपनी सरकारी जग्गा लिजमा उपलब्ध गराउने र नेपाल वन निगम लिमिटेडको प्रमुख कार्यकारी अधिकृतमा मनबहादुर खड्कालाई नियुक्त गर्ने सरकारको निर्णय छ । सरकारले दूरसञ्चारसम्बन्धी विधेयक तर्जुमा गर्न तयार पारिएको अवधारणापत्र स्वीकृत गर्ने र नेपाली सेनाको एफटिडिको चौथो बैठक नेपालमा सञ्चालन गर्न स्वीकृत दिने भएको छ ।

महान्यायाधिवक्ताको निर्णय

# राहदानीमा रविलाई उन्मुक्ति

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ चैत



महान्यायाधिवक्ता कार्यालयले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेविरुद्ध राहदानीको कसुरमा मुद्दा नचलाउने निर्णय गरेको छ । यसअघि जिल्ला प्रहरी परिसर काठमाडौंले लामिछानेविरुद्ध राहदानी दुरुपयोगमा मुद्दा चलाउनु नपर्ने रायसहितको प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंमा पेस गरेको थियो । जिल्ला सरकारी वकिल कार्यालय हुँदै उच्च सरकारी वकिलको कार्यालयबाट आएको प्रतिवेदन र महान्यायाधिवक्ता कार्यालयको टिप्पणीका आधारमा महान्यायाधिवक्ता दीनमणि पोखरेलले लामिछानेमाथि राहदानी दुरुपयोगमा मुद्दा नचलाउने निर्णय गरेका महान्यायाधिवक्ता कार्यालयका प्रवक्ता सञ्जीवराज रेग्मीले जानकारी दिए ।

महान्यायाधिवक्ताको उक्त निर्णयपछि पूर्वउपप्रधानमन्त्री एवं गृहमन्त्री लामिछानेविरुद्ध सरकारी निकायले मुद्दा चलाउने छैन । राहदानी दुरुपयोगसम्बन्धी अनुसन्धानको फाइल महान्यायाधिवक्ता कार्यालयमा आइतबार पुगेको थियो ।

प्रहरीको अनुसन्धानपछि जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंमा फाइल पेस भएको थियो । जिल्ला सरकारी वकिलको कार्यालयले उच्च सरकारी वकिलको कार्यालयमा मुद्दा नचल्ने निर्णय गर्दै फाइल पठाएको थियो । उक्त पार्टीका सभापति लामिछानेमाथि नेपाली र अमेरिकी राहदानी रहेको र दुई वटा राहदानी प्रयोग गरेको आरोप लागेको थियो । अमेरिकी राहदानी नबुझाई नेपाली राहदानी प्रयोग गरेको पाइएपछि विवाद भएर अनुसन्धान गरिएको थियो ।

सर्वोच्च अदालतले यसअघि नै लामिछानेले प्रक्रियागतरूपमा नेपाली नागरिकता नलिएको उल्लेख गर्दै लामिछाने नेपाली नागरिक नभएको फैसला सुनाएको थियो । उक्त फैसलासँगै लामिछानेको सांसद र मन्त्री पद गुमेको थियो । अहिले जिल्ला प्रशासन कार्यालयबाट प्रक्रिया पूरा गरी लामिछानेले नेपाली नागरिकता भने लिइसकेका छन् ।

# राहदानी विभाग आज पनि खुला



**काठमाडौं/रासस–** राहदानी विभागले मंगलबार अर्थात् घोडेजात्राको बिदाका दिनपनि आफ्नो सेवा दिने भएको छ । सरकारले घोडेजात्राका अवसरमा मंगलबार काठमाडौं उपत्यकामा सार्वजनिक बिदा दिएपनि राहदानी विभागले भने आफ्नो सेवा नरोकिने जनाएको छ ।

विभागका सूचना अधिकारी खिमानन्द भुसालले मंगलबार बिहान १० देखि दिउँसो साढे २ बजेसम्म विभाग खुल्ने र सेवा प्रदान गरिने बताए । उनले भने, 'मंगलबारका लागि आठ सय जनाले राहदानीका लागि फारम भरेका र बिदा परेकाले पनि हामीले साढे २ बजेसम्म हाम्रो सेवा दिनेछौं ।'

यसैगरी विभागले मंगलबार बिदाका दिनमा पनि आफ्नो सेवा दिने विषयमा एक सूचनासमेत सार्वजनिक गरेको छ ।

# काउन्सिलको निगरानीमा ३५ युट्युब

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ चैत




प्रेस काउन्सिल नेपालले पत्रकार आचारसंहिताको चरम उल्लंघन गर्ने ३५ वटा युट्युब च्यानललाई विशेष अनुगमनमा राखिएको जनाएको छ । काउन्सिलको आचारसंहिता अनुगमन उपसमितिको सोमबारको बैठकले विशेष निगरानीमा राखिएका ती युट्युब च्यानलका विषयवस्तु, त्यसमाथि परेका उजुरी, स्वअनुगमनसमेत अध्ययन गरी १५ दिनभित्र प्रतिवेदन तयार गर्ने निर्णय गरेको हो ।

काउन्सिलले कुनै मिडियाअन्तर्गत आबद्ध नभएका युट्युब च्यानललाई अनुसन्धान गरी कारबाही गर्न नेपाल प्रहरी (साइबर ब्युरो) मा सिफारिस गर्ने र यस्ता च्यानलले सम्प्रेषण गरेका सामग्री र आकर्षित ऐन, नियम, निर्देशिका, आचारसंहिताबारे उल्लेख गरी कारबाहीका लागि युट्युब कम्पनीलाई अनुरोध गर्ने भएको छ ।

काउन्सिल अध्यक्ष बालकृष्ण बस्नेतको संयोजकत्वमा बसेको उपसमितिको बैठकले कतिपय युट्युब च्यानल प्रचलित ऐन, नियम, निर्देशिका, आचारसंहिताबारे जानकारीसमेत नभएका, के गर्ने/नगर्ने भन्ने सामान्य ज्ञानसमेत नभएको देखिएको भन्दै व्यावसायिक रूपमा सञ्चालन हुन चाहने युट्युब च्यानल लक्षित एक दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय पनि गरेको छ ।

बैठकमा अध्यक्ष बस्नेतले युट्युब च्यानल आफैंमा सूचना सम्प्रेषणका उपयुक्त माध्यम भएकाले भरपर्दो, विश्वसनीय र जिम्मेवारपूर्ण सूचना सम्प्रेषण गर्नुपर्ने बताए । बैठकमा नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेल, काउन्सिलका सदस्यहरू दीपक पाण्डे, दुर्गा भण्डारी पौडेल, ठाकुर बेलवासे, लालबाबु शेख, बार एशोसिएशनका तर्फबाट प्रतिनिधि महासचिव अञ्जिता खनाल, काउन्सिलका मुख्य अधिकृत झविन्द्र भुसाल र उपप्रशासकीय अधिकृत एवं सहप्रवक्ता रामशरण बोहराको सहभागिता रहेको थियो ।

## गठबन्धन...

स्वतन्त्र सांसद अमरेशकुमार सिंहले विश्वासको मत दिए । नेकपा (एमाले) र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदले विश्वासको मतको विपक्षमा मतदान गरेका थिए। नेपाल मजदुर किसान पार्टी भने तटस्थ बसेको थियो ।

नेकपा एमालेको समर्थनमा प्रधानमन्त्री बनेका प्रचण्डले दोस्रो पटक विश्वासको मत लिएका हुन् । गत पुस १० गते प्रधानमन्त्रीमा नियुक्त भएका प्रधानमन्त्री दाहालले पुस २६ गते प्रतिनिधिसभाबाट विश्वासको मत लिएका थिए । त्यतिबेला उनलाई प्रतिनिधिसभाका दुई सय ७० सांसदमध्ये दुई सय ६८ सांसदले विश्वासको मत दिएका थिए ।

राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनका सन्दर्भमा अघिल्लो गठबन्धनबीच मतैक्यता हुन नसकेर एमाले र राप्रपा सरकारबाट बाहिरिएपछि प्रधानमन्त्रीले विश्वासको मत लिने अवस्था आएको हो ।

## कांग्रेस...

अरु विषय प्रमुख थिएन भन्ने व्याख्या गर्नुभयो भने त्यो राजनीतिलाई बोकिराख्न कांग्रेसलाई कठिनाइ हुन्छ ।'

रिजालले प्रचण्डले गठबन्धनको मार्गचित्र अनुसार नहिंडे कांग्रेस र एमालेसँगै उभिने एजेण्डागत परिस्थिति सिर्जना हुने भयसमेत अभिव्यक्त गरेका छन् । अर्थात्, संसदीय अंकगणितका कारण प्रचण्ड फेरि पनि सुरक्षित देखिँदैनन् । त्यसैले १४ सिटको जसपा र १० सिटको एकीकृत समाजवादीसँग समाजवादी मोर्चातर्फ प्रचण्डको नजर गएको छ । एमालेसँगको सहकार्य र भय

एमालेको समर्थनमा प्रधानमन्त्री भएका प्रचण्डले तीन महिना नपुग्दै उसँगको सहकार्य तोडे । प्रचण्डको व्यवहारबाट आक्रोसित भएको एमाले सशक्त प्रतिपक्षको भूमिका खेल्ने तयारीमा छ । प्रचण्डको असहयोगमा राष्ट्रपति गुमाएपनि संघीय संसदको सभामुख र अध्यक्ष एमालेबाट भएका छन् ।

प्रधानमन्त्री प्रचण्ड सोही एमाले र सभामुख देवराज घिमिरेसँग पनि सशंकित छन् । ५ माघमा माओवादी समेतको मत पाएर एमालेका उम्मेदवार घिमिरे सभामुखमा निर्वाचित भएका थिए । त्यसैले घिमिरेले एमालेको चाहनामा काम गर्नसक्नेमा माओवादी नेताहरु सशंकित छन् ।संसदमा एमालेको उपस्थिति जबर्जस्ती छ । प्रतिपक्षको सहयोगबिना सरकारले बिजनेस अघि बढाउन त्यति सजिलो छैन ।

'कार्यपालिकाले चाहँदा व्यवस्थापिकाले कुनै पनि सरकारी बिजनेशलाई रोक्न सक्दैन तर विलम्ब गर्न सक्छ' माओवादी सांसद माधव सापकोटा भन्छन्, ' यद्यपि सभामुखले त्यस्तो गर्नुहोला भन्ने अविश्वास छैन ।'

**कांग्रेसको भूमिका**

प्रचण्डले खेलेको भूमिकाका कारण संघदेखि प्रदेशसम्म सत्ता गुमाएको कांग्रेसले तीन महिना नपुग्दै सत्ता फर्काउन सफल भएको छ । राष्ट्रपति निर्वाचनसम्म आइपुग्दा ओली-प्रचण्ड गठबन्धन तोड्न कांग्रेस सफल मात्र भएको छैन, सत्ताको चाबी नै हात पारेको छ । बाध्यतात्मक अवस्थामा प्रचण्ड सरकारलाई टेको लगाएको उसले जुनसुकै बेला सरकार ढाल्न सक्छ।

साना दलको सत्ता स्वार्थ

बालकोट सहमितमा साक्षी बसेका राप्रपा बाहेक रास्वपा, जसपा, जपा, नाउपाले ओलीलाई साथ नदिइ प्रचण्डलाई नै समर्थन गरेका छन् । नयाँ भनिएका दलहरूसमेत सत्ता स्वार्थमा केन्द्रित भएको उनीहरूमाथि आरोप लाग्दै आएको छ । विचार, सिद्धान्तमा १० तिर फर्किएका दलहरू सत्ता स्वार्थले एक ठाउँमा उभिएकाले स्वार्थ नमिल्दा जुनसुकै बेला प्रचण्डको साथ छोड्ने एमालेको बुझाइ छ । नागरिकता प्रकरणमा सत्ता गुमाएको रास्वपाले प्रधानमन्त्रीामाथि थप दबाब बढाउन सक्छ । यसअघि सरकारलाई समर्थन गरेर बाहिरै बसेका जसपा, नाउपा लगायत दलहरूले उठाएको एजेण्डा पुरा गर्न प्रचण्डका लागि चुनौती देखिन्छ । जता सत्ता उतै फर्कमा देखिएका साना दलहरूको चित्ता बुझाएर सरकार टिकाउन प्रचण्डलाई महाभारत हुने देखिन्छ ।

**संकटग्रस्त अर्थतन्त्र**

आर्थिक मन्दीको असर विश्वभर नै देखिएको छ । अन्तरािष्ट्रिय मुद्राकोष (आइएमएफ) ले हालै सार्वजनिक गरेको रिपोर्टले विश्व अर्थतन्त्रमा यसको असर गहिरो पर्ने प्रक्षेपण गरेको छ । आइएमएफका अनुसार सन् २०२३ मा विश्वको आर्थिक वृद्धिदर २.९ प्रतिशत रहनेछ ।

कोभिड-१९ पछि विश्वको अर्थतन्त्र साविकको लयमा फर्किन सकेको छैन । पाकिस्तान र श्रीलंकाले जुन हालत अहिले भोगिरहेको छ, नेपालमा पनि यही स्थिति नआउला भन्न सकिन्न । अर्थविद्, मुलुकको अर्थतन्त्रमा उल्लेख्य योगदान दिँदै आएको निजी क्षेत्र, सरोकारवालाले विद्यमान परिस्थितिले संकट नजिकिएको भन्दै सतर्कता र सावधानी अपनाउन लगातार सुझाइरहेका छन् ।

## सामाजिक...

रहेकाहरूले दीर्घकालीनरूपमा लाभ प्राप्त गर्ने भन्दै प्रवक्ता पन्थीले पछिल्लो एक वर्षमा कम्तीमा ९ महिना वैदेशिक रोजगारीमा रहेको हुनुपर्ने शर्त रहेको बताए ।

वैदेशिक रोजगारीमा जाने कामदारहरुका लागि सूचीकरण अनिवार्य गरिएको भन्दै पन्थीले वैदेशिक रोजगारीमा जानेहरुलाई श्रम स्वीकृति लिने बेला गरिने बीमा जसरी नै उक्त योजनामा सूचीकरण गरिने बताए । उनले विदेशमा रहेकाले पुनः श्रम स्वीकृति लिनेबेला योजनामा अनिवार्य जोडिनुपर्ने बताए ।

## भण्डारी...

फर्किन तयार भएको बताएका छन् । नेपालबाट गएका ५६ जना कामदारलाई होस्टेलमा परिवर्तन गर्ने बेलामा असमझदारी भएपछि विवाद चर्किएको थियो ।

## बालेनका...

सञ्चालनमा रहेका सार्वजनिक सवारी साधानमा जीपीएस ट्र्याकिङसहितको सिसिटिभी जडान गर्ने, सडक, ढल, खानेपानीका पाइप लाइन, सडक, बत्ती टेलिफोनलगायत भौतिक पूर्वाधारको डिजिटल प्रोफाइल तयार पार्ने र फोहोरको वर्गीकरण गर्नेलगायतका काममा सन्तोषजनक प्रगति देखिएको छैन । त्यस्तै, प्रशासनिक खर्चमा वृद्धि भएपनि पूँजीगत खर्चको अवस्था भने सुखद देखिएको छैन ।

गत साउनको पहिलो सातादेखि कुहिने र नकुहिने फोहोर छुट्याएर उठाउने निर्णय गरेको काठमाडौं महानगरले हालसम्म आफ्नै निर्णय कार्यान्वयनमा ल्याउन सकेको छैन । कुहिने र नकुहिने फोहोर स्रोतमा नै वर्गीकरण गर्ने र वर्गीकरण नगरेको पाइएमा ५ सय जरिवाना तिराउनेसम्मको चेतावनी दिएपनि सो विषय हालसम्म कार्यान्वयन हुन सकेको छैन । कुहिने र नकुहिने फोहोर छुट्याउने जिम्मेवारी फोहोर उत्पादनकर्ताको नै भएकाले फोहोर वर्गीकरण गरेर मात्रै संकलन गर्ने महानगरले जनाएपनि वर्गीकरणको कार्य चुस्त हुन नसकेको हो । अझ फोहोरबाट बिजुली निकालेर उपत्यकाबासीलाई पुर्‍याउने निर्णय गरेको ६ वर्ष पुग्दा समेत सो योजनाले गति लिन सकेको छैन ।

अलपत्र सार्वजनिक शौचालय

महानगरको पहिलो कार्यपालिका बैठकले पारित गरेका विभिन्न निर्णयमध्ये होटल, रेष्टुराँ, वित्तीय संस्था लगायतका शौचालय पनि सार्वजनिकरूपमा प्रयोग गर्न मिल्ने गरी काठमाडौं महानगरपालिकाले पहल गर्ने रहेको थियो । तर उक्त निर्णय गरेको १० महिना बितिसक्दा समेत महानगरपालिकाले सो कार्यलाई अघि बढाउनै सकेको छैन । हाल महानगरमा ४३ वटा सार्वजनिक शौचालय रहेपनि धेरैवटा प्रयोग गर्न मिल्ने अवस्थामा छैनन् । नियमित मर्मत सम्भार र सफाइ नहुँदा सर्वसाधारणले उक्त सुविधा उपभोग गर्न नपाएका हुन् । निजी क्षेत्रसँग सम्झौता गरी महानगरले ११५ वटा शौचालय सर्वसाधारणको पहुँचमा ल्याएको थियो ।

हटेनन् सुकुम्बासी

काठमाडौं महानगरपालिकाले थापाथलीको सुकुम्बासी बस्ती खाली गर्न पटकपटक निर्देशन गरेपनि सो योजना असफल हुँदै आएको छ । केही महिनाअघि सुकुम्बासी हटाउन महानगर डोजर लिएर पुगेपनि महानगर र सो क्षेत्रका वासिन्दाबीच झडप हुँदा महानगरको योजना असफल भएको थियो । काठमाडौं उपत्यकाका ३ जिल्ला काठमाडौं, भक्तपुर र ललितपुरका विभिन्न २७ ठाउँमा सुकुम्बासीको बसोबास गर्दै आएका छन् । जसमा ३४ सय ६६ परिवार अव्यवस्थित रुपमा रहँदै आएको सरकारी तथ्यांकले देखाउँछ । वर्षोदेखि उपत्यकामा बस्दै आएका सयौं परिवारहरु अन्यत्र व्यवस्था नगरी हटाउन खोजे आतंकित हुने चेतावनी दिँदै आएका छन् । जसका कारण पनि सुकुम्बासी बस्ती र अनाधिकृत संरचना हटाउने बालेनको योजना अलपत्र पर्ने देखिएको हो ।

Government of Sudur Pashchim Province
Ministry of Social Development

**Health Directorate**

Rajpur, Doti, Nepal

**Invitation for Electronic Bids for Printing and Supply of HMIS Tools**

**First Date of Publication: 2079/12/07(21 March 2023)**

1. The Health Directorate, Rajpur, Doti invites electronic bids from eligible bidders for **Printing and Supply of HMIS Tools** listed below in the table to be delivered at the Province Health Logistic Management Center (PHLMC) Dhangadhi Kailali under National Competitive Bidding (NCB) procedures specified in the Public Procurment Act (PPA) 2063 and Public Procurement Regulation (PPR) 2064.

| S. N. | IFB No. | Description of Goods | Bid Document Fee (NRs) | Bid Security (NRs) | Bid Security Validity Period | Source of Fund |
|---|---|---|---|---|---|---|
| 1 | SPHD/G/NCB-03/2079-80 | Printing and Supply of HMIS Tools | 3,000 | 60,000 | 2080/04/02 (18 July 2023) | Federal and Provincial |

2. Bidding documents are available on online and can be downloaded from e-GP system: **https://bolpatra.gov.np/egp.**
3. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank:

| | |
|---|---|
| **Name of the Bank**: Rastriya Banijya Bank, Doti | |
| **Name of the Office**: Health Directorate, Rajpur, Doti | |
| **Office Code No.** : 3500271017 | **Revenue Head No.** : 14229 |
| **Account No.** : 1000100200010000 | **Name of Account**: Pradesh Le. Ni. Ka., Doti |

4. The bid schedule is as follows: (Venue : Health Directorate, Rajpur, Doti)

| | Bid Submission Deadline | Bid Opening |
|---|---|---|
| Date and Time | 2080/01/07 (20 April 2023) 12.00 Hours | 2080/01/07 (20 April 2023) 14.00 Hours |

5. The bid is single slice package and bidder must bid all items in a single package, only the total items quoted will be considered as the bid amount.
6. For more detail and further information bidders may contact the office of Health Directorate, Rajpur, Doti, Telephone 094-440120 and email address: ***phdnseven@gmail.com*** or may visit PPMO e-GP system ***www.bolpatra.gov.np/egp.***

**Director**

# अख्तियारमा ११ हजार बढी उजुरी

## लिखित निवेदन बढी, टेलिफोनबाट कम

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ६ चैत

चालु आर्थिक वर्ष २०७९/८० को हालसम्म अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा ११ हजार बढी उजुरी परेको छ। आयोगका अनुसार साउनदेखि चैत महिनाको हालसम्म ११ हजार ६ सय ६८ वटा उजुरी परेको हो।



साउन महिनामा सबैभन्दा बढी २ हजार ९० वटा उजुरी परेको आयोगले जनाएको छ। जसमा साउनमा ७ सय ६६ वटा लिखित निवेदन, हुलाक सेवाबाट ४ सय २२, इमेलबाट ३ सय ७९, आयोगको वेभ साइडबाट ३ सय ११, टेलिफोनबाट १ सय ८ र समाचार पत्रबाट ५६ वटा उजुरी परेको छ।

भदौ महिनामा आयोगमा १ हजार ६ सय ९८ वटा उजुरी परेको छ। भदौमा सबैभन्दा बढी लिखित निवेदन ५ सय ७८ वटा उजुरी परेको छ। यस्तै इमेल ४ सय ४१, हुलाक ३ सय २५, आयोगको वेभ साइड २ सय ८३, टेलिफोनबाट ८७ र समाचार पत्रबाट ३७ वटा उजुरी परेको छ। असोजमा आयोगमा १ हजार १ सय ५२ वटा उजुरी परेको छ। जसमा सबैभन्दा बढी लिखित निवेदन ३ सय ५०, इमेलबाट ३ सय ९, आयोगको वेभसाइड २ सय १०, हुलाक सेवाबाट १ सय ८८ र टेलिफोनबाट ३७ वटा उजुरी परेको छ।

कात्तिक महिनामा आयोगमा ९ सय ३८ वटा उजुरी परेको छ। जसमा सबैभन्दा बढी लिखित ३ सय ३०, इमेल १ सय ९८, हुलाक सेवाबाट १ सय ७७, टेलिफोनबाट ४८ वटा उजुरी परेको छ। मंसिर महिनामा आयोगमा ८ सय ३८ वटा उजुरी परेको छ। जसमा लिखित निवेदन ३ सय ३९, इमेल २ सय ८, आयोगको वेभ साइडबाट १ सय ६६, हुलाक सेवाबाट १ सय ६० र टेलिफोनबाट ३८ वटा उजुरी परेको छ। यस्तै पुस महिनामा एक हजार ३ सय ३२ वटा उजुरी परेको छ। जसमा लिखत निवेदन ४ सय ६३, इमलेबाट २ सय ९८, आयोगको वेभ साइडबाट २ सय ४९, हुलाक सेवाबाट २ सय १० र टेलिफोनबाट ६५ वटा उजुरी परेको छ। यस्तै माघ महिनामा १ हजार ५ सय ३२ वटा उजुरी परेको छ। जसमा लिखित निवेदन ४ सय ६१, इमेलबाट ३ सय ७३, वेभसाइडमा २ सय ५८, हुलाकबाट २ सय ४१, टेलिफोनबाट १ सय ३८, समाचार पत्रबाट ३३ वटा उजुरी परेको छ। फागुन महिनामा आयोगमा १ हजार ७ सय १३ वटा उजुरी परेको आयोगले जनाएको छ। यस महिनामा पनि सबैभन्दा बढी उजुरी लिखित निवेदन ४ सय ६१ वटा परेको छ भने इमेलमार्फत ३ सय ७३, हुलाक सेवा २ सय ४१, वेभ साइडबाट ३ सय २८ र समाचार पत्रबाट ३३ वटा उजुरी परेको छ।

चैत महिनाको हालसम्म आयोगमा २ सय ८४ वटा उजुरी परेको छ। जसमा लिखित ९५, इमेल ७७ र हुलाक सेवाबाट ५९ वटा उजुरी परेको आयोगले जनाएको छ।

## तत्कालीन निमित्त प्रमुखसहित १२ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कृषि ज्ञान केन्द्र (हाल कृषि विकास कार्यालय) कालिकोटका तत्कालीन निमित्त कार्यालय प्रमुख भरतबहादुर बस्नेतसहित १२ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। मूल्याङ्कन तथा छनोट समितिका पदाधिकारी, सिमनाथ कृषि विकास सहकारी संस्था, कालिकोटका अध्यक्षसमेत १२ जना र सिमनाथ कृषि विकास सहकारी संस्थाउपर गैरकानुनी लाभ तथा हानी पुऱ्याएकाले विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ।

कालिकोटको रास्कोट ३ स्थित सिमनाथ कृषि विकास सहकारी संस्था लिमिटेडले उच्च प्रविधियुक्त नर्सरी स्थापनाका लागि उपलब्ध गराएको सरकारी अनुदानको पेश्की रकममा सम्झौताअनुसार काम नगरी हिनामिना गरेको आयोगको अभियोगपत्रमा उल्लेख छ।

आयोगका अनुसार तत्कालीन निमित्त कार्यालय प्रमुख बस्नेतसहित खाँडाचक्र नगरपालिकाका तत्कालीन इन्जिनियर सुमित भट्ट र खानेपानी, सिँचाई तथा ऊर्जा विकास कार्यालय, कालिकोटका तत्कालीन सब-इन्जिनियर गुरुराज संज्यालले सम्भाव्यता अध्ययनसमेत नगरी आयोजनाका लागि आवश्यक विद्युत आपूर्तिसमेत नभएको अवस्थामा सो स्थानमा हाइटेक नर्सरी सञ्चालन गर्न उपयुक्त छ भनी सिफारिश गरेका थिए।

हाइटेक नर्सरीका लागि खरिद गरिएका यन्त्र उपकरणहरूको मूल्यसमेत अत्यधिक रूपमा बढाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ विपरीत बदनियतपूर्वक मूल्य राखी लागत अनुमान तयार गरेको पाइएको अख्तियारका प्रवक्ता भोला दाहालद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। कर्णाली प्रदेश सरकारको अनुदान ग्रहण गरी नर्सरी सञ्चालनमै नआएको अवस्थामा सिमनाथ कृषि विकास सहकारी संस्था लिमिटेडबाट जडान भएका मालसामानहरूको अवलोकन तथा परीक्षण नै नगरी कार्य सम्पन्न प्रतिवेदन ६६ लाख ५० हजार रुपैयाँ भुक्तानी गरिएको अभियोगपत्रमा उल्लेख छ। सिमनाथ कृषि विकास सहकारी संस्थामा जडान भएका मालसामानहरू परीक्षण नगरी एवं नर्सरी सञ्चालनमा नै नआएको अवस्थामा उक्त नर्सरीको कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने भरतबहादुर बस्नेत, सुमित भट्ट र गुरुराज संज्याललाई मुद्दा लगाइएको हो। मूल्याङ्कन तथा छनौट समितिका पदाधिकारीहरू हरिप्रसाद पण्डित, श्रीधर अधिकारी, दीपककुमार भण्डारी, हिरानन्द देवकोटा, अनुप तिवारी, पूर्णबहादुर थापा, होमनाथ लम्साल साथै सिमनाथ कृषि विकास सहकारी संस्था कालिकोटका अध्यक्ष कमलबहादुर शाही र कोषाध्यक्ष सुरेन्द्र बहादुर शाही तथा सिमनाथ कृषि विकास सहकारी संस्थालाई प्रतिवादी बनाई मुद्दा दायर गरिएको आयोगका प्रवक्ता दाहालले जानकारी दिएका छन्।

# घोडेजात्रा पर्व मनाइँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ चैत

चैत्र कृष्ण औँसीका दिन आज काठमाडौंको टुँडिखेलमा अश्व कला तथा दौड प्रतियोगिता गरेर घोडेजात्रा पर्व मनाइँदै छ। राष्ट्रपति एवं नेपाली सेनाका परमाधिपति रामचन्द्र पौडेलको समुपस्थितिमा नेपाली सेनाले सैनिक मञ्च टुँडिखेलामा घोडेजात्रा कार्यक्रम गर्दैछ।

त्यस अवसरमा सैनिक मञ्चमा विविध अश्वकलाले भरिपूर्ण रोचक कार्यक्रम गरी घोडेजात्रा समारोहको आयोजना गरिने सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ। समारोहमा अश्वकलाअन्तर्गत दुई चरणमा टाङ्गन घोडा दौड, शो जम्प, झन्डोत्तोलन, ड्रिल राइड, घोडचढी आर्चरीलगायतका विविध रोमाञ्चक कलाहरू प्रदर्शन गरिने छ। घोडेजात्रा अत्यन्तै पुरानो अनि सामाजिक जात्राका रूपमा प्राचीनकालदेखि नै काठमाडौँ उपत्यकामा मनाइँदै आएको परम्परा हो। परापूर्वकालमा गुरुमापा नामक दैत्यमाथिको विजयका रूपमा मनाइन्छ घोडेजात्रा मनाउने गर्रिदै आएको छ। यहाँ दौडने घोडाको टापले त्यस दानवको आत्मालाई दबाउन मद्दत गर्नाका साथै जात्राले देशमा शुभमंगल ल्याउने विश्वास गरिन्छ। पाटनको एकल घोडेजात्रा लोकप्रिय जात्रा हो।



वैदिक सनातन संस्कारमा सबैभन्दा पुण्य प्राप्त हुने महान् यज्ञ नै 'अश्वमेध यज्ञ' हो, जसमा सैयौँका संख्यामा घोडाहरूलाई स्वतन्त्र गरिन्छ र ती घोडाहरू जहाँ-जहाँसम्म पुग्दछन् त्यहाँ शान्ति, सौहार्दता र आनन्द रहने विश्वास गरिन्छ।

सेनाले अत्यन्त बफादार अनि वेग समान कुद्न सक्ने घोडाको सम्मान अनि सहकार्यमा टुँडिखेलमा घोडेजात्रा मनाउँदै आएको छ। सो अवसरमा उपराष्ट्रपति, प्रधानमन्त्री, कामु प्रधानन्यायाधीश, सभामुख, राष्ट्रियसभाका अध्यक्ष, मन्त्रिगणलगायत विशिष्ट महानुभावको सहभागिता हुनेछ। घोडेजात्रामा प्रयोग हुने ६६ वटा घोडामध्ये बग्गीका लागि १०, अश्वकलाका लागि ४६ र दौड विशेषका लागि पानी १० वटा घोडा रहेको निर्देशनालयले जनाएको छ।

**अर्जुनधारा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**शनिश्चरे, झापा**
**प्रदेश नं १, नेपाल**

**बोलपत्र प्रस्ताव स्वीकृतिको आशयपत्रको सूचना**

**सुचना प्रकाशित मिति : २०७९/१२/०७**

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०७९/१०/१७ गते प्रकाशित सुचना अनुसार पेश हुन आएका प्रस्ताव मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई तपसिल बमोजिमको प्रस्ताव छनौट गर्ने निर्णय भएको हुनाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। छनौट प्रस्ताव विरुद्ध सूचना प्रकाशित मितिले ७ दिनभित्र कुनै प्रस्तावदाताको उजुरी निवेदन पर्न नआएमा उक्त प्रस्ताव छनौट भएको मानि स्वीकृत गरिनेछ।

**तपसिल:**

| SN | Contract No. | Description of Works | Name and Address of Successful Bidders | Accepted Bid Amount including VAT &PS NRs |
|---|---|---|---|---|
| *1* | *AM/NCB/GOODS /02-079/80* | *Purchasing and supply of machine made gabion box on different wards of Arjundhara Municipality* | *G.B. Nirman Sewa, Bhadrapur-10 Jhapa* | *1,07,19,180/-* |

**बाँसगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बाँसगढी, बर्दिया**
**लुम्बिनी प्रदेश, नेपाल**

BANSGADHI MUNICIPALITY

**प्राविधिक प्रस्ताव स्वीकृत गरी आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**(प्रकाशित मिति २०७९/१२/०७ गते)**

यस कार्यालयबाट मिति २०७९/०९/२५ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचनाको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणालीको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत पर्न आएका शिलबन्दी बोलपत्रहरुको प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा देहाय बमोजिमका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम ५ बमोजिम तपसिलको मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोल्ने गरि प्राविधिक प्रस्ताव स्वीकृतिको लागि छनौट भएको सूचना सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | प्राविधिक प्रस्ताव मूल्यांकनमा सफल फर्मको नाम ठेगाना | आर्थिक प्रस्ताव खोल्ने मिति, समय र स्थान। | कैफियत |
|---|---|---|---|---|---|
| 1 | BM/NCB/ 2079/80-16 | Construction Of Chisapani Chok-Golden Public School-Shantipur Road | M/S Kaligandaki-Regmi JV, Nepalgunj-13, Banke. | Date : 2079/12/14 B.S. Time : 12:00 Noon Venue : Bansgadhi Municipality, Bardiya. | |
| | | | M/S J K Builders , Kohalpur-11, Banke | | |
| | | | M/S Shyam Gyan and Sons Construction Pvt.Ltd., Gulariya -5, Bardiya. | | |
| | | | M/S T.B.-Chitra JV, Amargadhi Municipality-5, Dadeldhura | | |
| 2 | BM/NCB/ 2079/80-17 | Construction Of Gaudi Chowk-Shantipur To Ward No.2 Connecting Road. | M/S Sisne Construction Pvt. Ltd., Kathmandu-10, Buddhanagar | | |
| | | | M/S Jimba-Laligurans-N.S.T. JV, Gulariya, Bardiya. | | |
| 3 | BM/NCB/ 2079/80-18 | Construction Of Kakauraa-Belauli-Koldanda Road | M/S Sisne Construction Pvt. Ltd., Kathmandu-10, Buddhanagar | | |
| | | | M/S P.S. /Chitra - JV, Naubasta -8, Banke | | |
| | | | M/S Yadav Construction, Gulariya - 9, Bardiya. | | |

**प्रमुख प्रशासकीय अधिकृत**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१/१२/११ मा दर्ता भएको **प्रा.लि.नं. १३३८६७** को **ग्लोबल इन्डिजिनियस बिजिनेश इनिसियटिभ प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/१२/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/१२/०७**

**देउ ढुङ्गा कन्स्ट्रक्सन प्रा.लि.** को मिति २०७९/११/३० मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **देउ ढुङ्गा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि.नं.: २२२१४२)** कायम गर्ने गरी मिति २०७९/१२/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



मध्यान्ह
www.madhyanhadaily.com
७ चैत २०७९, मंगलबार
21 March 2023, Tuesday

## सम्पादकीय

# नसुध्रिएको नेतृत्व

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले दुई महिनाभित्रै दोस्रोपटक विश्वासको मत पाएका छन् । १० पुसमा प्रधानमन्त्री बनाउन साथ दिएका नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले समर्थन फिर्ता लिएकाले संविधानको व्यवस्था बमोजिम प्रधानमन्त्री प्रचण्डले विश्वासको मत लिएका हुन् । गत १४ फागुन राप्रपा र१५ फागुनमा एमाले समर्थन फिर्ता लिदै सरकारबाट बाहिरिएको थियो । सत्ता साझेदार दलले समर्थन फिर्ता लिए प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने संविधानमा व्यवस्था छ । त्यसैअनुसार, विश्वासको मत मागेका प्रचण्डलाई नयाँ सत्ता साझेदार ११ दलका १७२ सांसदले विश्वास दिएका छन् । एमाले र राप्रपाले विपक्षमै मत दियो भने नेमकिपा यसपटक पनि तटस्थ बसेको छ । यसपटक प्रधानमन्त्री प्रचण्डले पाएको विश्वासको मत यसअघि भन्दा ९६ सिटले कमी हो ।

गत २६ पुसमा प्रचण्डलाई प्रतिनिधिसभाका नेमकिपा र राष्ट्रिय जनमोर्चाका एक/एक सांसद बाहेक सबैले विश्वासको मत दिएका थिए । तर दुई महिनाभित्रै प्रचण्ड फेरि १७२ सांसदको समर्थनमा झरेका हुन् । तीन महिनाभित्र प्रचण्डको पक्षमा देखिएको यो तेस्रो फरक संख्या हो । १० पुसमा प्रचण्डलाई प्रधानमन्त्री नियुक्त गर्न एमाले सहित सात दलका १६९ सांसदले हस्ताक्षर बुझाएका थिए । अहिले गठबन्धन बढेर ११ पुगेपनि सांसद संख्या भने दुई जना मात्रै बढेको छ । त्यसो हुनुमा ठूला दलहरू एमाले र राप्रपा बाहिर हुनु हो । तर सोमबार प्रचण्डले विश्वासको मत लिइरहदा अर्को विश्वासको मतबारे चर्चा भएको छ ।

एमाले र राप्रपाका सांसदहरूले आगामी वैशाखभित्रै प्रचण्डले तेस्रोपटक विश्वासको मत लिनुपर्ने दिन आउनसक्ने चुनौती दिएका थिए । जवाफमा प्रधानमन्त्री प्रचण्डले पनि एमालेका अध्यक्ष केपी शर्मा ओलीले समेत वैशाखमा यो सरकार ढल्नसक्ने चेतावनी दिएको सम्झिए । तर प्रचण्डले एमालेले भनेजस्तो वैशाखमा सरकार ढल्ने संभावना नरहेकोमा ढुक्क हुने प्रयत्न पनि गरे । अर्थात् दुई महिनामा दोस्रोपटक विश्वासको मत लिइरहँदा नै यो सरकारको आयुबारे चासो देखियो । त्यो भनेको अहिले जुन गतिमा राजनीतिक अस्थिरता देखिएको छ, त्यो भन्दा रफ्तारमा बढ्नु हो । अहिले गठबन्धन बदलिएसँगै सातै प्रदेश सरकारमा त्यसको असर पर्दैछ भने प्रचण्डले प्रधानमन्त्री बनेको तीन महिनासम्म मन्त्रिपरिषद् बिस्तार गर्न समेत सकेका छैनन् । जबकी अहिले मुलुकलाई राजनीतिक अस्थिरता चाहिएको छ । संभावित आर्थिक संकटबाट मुलुकलाई जोगाउने प्रयत्न चाहिएको छ । तर सोमबार संसदमा जस्तो विषयमा छलफल भयो र जुन प्रक्रिया अवलम्बन गर्नु परेको छ, त्यसले राजनीतिक नेतृत्वमा जनादेशको कुनै हेक्का नभएकै पुष्टि हुन्छ ।

सन्दर्भ : विश्व डाउन सिन्ड्रोम दिवस

# दैविक श्राप होइन 'डाउन सिन्ड्रोम'

अग्रलेख



● डा. ललिता जोशी

### विषय प्रवेश

सन् २०११ डिसेम्बरमा संयुक्त राष्ट्रसंघ महासभाले २१ मार्चलाई विश्व डाउन सिन्ड्रोम दिवसको रूपमा घोषणा गऱ्यो । महासभाले डाउन सिन्ड्रोमबारे जनचेतना जगाउन हरेक वर्ष मार्च २१ मा विश्व सिन्ड्रोम दिवस मनाउने निर्णय गरेको छ । यो सन् २०१२ देखि लागू भयो । विश्व डाउन सिन्ड्रोम दिवस हरेक वर्ष मार्च २१ का दिन मनाइने गरिन्छ । मार्च २१ को दिन डाउन सिन्ड्रोम निम्त्याउने २१औँ क्रोमोजोमको ट्रिपलिकेशनको विशिष्टतालाई जनाउन चयन गरिएको थियो । डाउन सिन्ड्रोमबारे जनचेतना जगाउन उद्देश्यका साथ मार्च २१ मा विश्व डाउन सिन्ड्रोम दिवस मनाइन्छ । यस वर्षको अन्तर्राष्ट्रिय नारा 'हामीसँग, हाम्रो लागि होइन' भन्ने रहेको छ । यो दिवस अपाङ्गताप्रतिको मानवअधिकारमा आधारित दृष्टिकोणमा केन्द्रित छ - निष्पक्ष व्यवहार गर्ने अधिकार, अरु सबैजस्तै समान अवसरहरू पाउनु र मानिसहरूलाई आफ्नै छनोट गर्ने स्वतन्त्रता । मार्च २१ प्रतिकात्मक हो किनभने डाउन सिन्ड्रोम भएका मानिसहरूसँग तिनीहरूको २१औँ क्रोमोजोमको तीन प्रतिहरू हुन्छन् । क्रोमोजोमहरूको क्यारियोटाइप वास्वतमा बेमेल मोजाहरूजस्तो देखिने भएकाले मोजाहरू छानिएका थिए ।

डाउन सिन्ड्रोम सर्पोट हेल्थ एशोसिएशन नेपाल डाउन सिन्ड्रोमको भित्र क्रियाशील संस्था हो- डाउन सिन्ड्रोम सर्पोट हेल्थ एशोसिसन । वि.सं. २०७८ सालमा चिकित्सक तथा थेरापिष्टहरूको पहलमा डाउन अवस्थाका बालबालिका र उनका अभिभावकहरूलाई बालबालिकाको हेरविचार तथा उनमा देखिने स्वास्थ्यसम्बन्धी समस्याबारे परामर्शको लागि यस एसोसिएशनको स्थापना भएको हो । जसले यस अवस्थाका बालबालिकालाई स्वतन्त्र र प्रयोजनीय जीवन निर्वाहतर्फ प्रेरित गर्न कार्यरत रहेको छ । हालसम्म संघले डाउन सिन्ड्रोम अवस्थाका बालबालिकाहरूको पहिचान गरी तथ्याङ्क राख्ने, उनीहरूलाई आत्मनिर्भर बनाउन विभिन्न सीपमूलक कार्यक्रम तथा तालिम दिने, पेशागत सहयोग गर्ने, उनीहरूको लागि चाहिने मेडिकल सल्लाह, स्वास्थ्य शिविरको आयोजना गर्ने, उनीहरूभित्र लुकेको प्रतिभालाई उजागर गर्ने तथा अभिभावकहरूको लागि पनि कसरी स्याहार सुसार गर्ने भनी तालिम दिने, गर्भावस्था र गर्भ रहनु अगावै जरुरी सरसल्लाह दिने, जनचेतना अभिवृद्धिको लागि विभिन्न विद्यालय, समुदायमा कार्यक्रम गर्ने र तिनीहरूको सवालमा नेपाल सरकारबाट प्रदान शिक्षा, उपचार र अन्य सुविधाबारे अभिभावकहरूलाई जानकारी दिनेजस्ता कार्यहरू गर्दै आइरहेको छ ।

### के हो डाउन सिन्ड्रोम ?

डाउन सिन्ड्रोम समस्या वंशाणुगतरूपमा आउँदैन । यो कुनै रोग पनि होइन न त दैविक श्राप अथवा पूर्वजन्मको पाप । यो मात्र एक प्रकारको बौद्धिक अपाङ्गता हो । यो 'जेनेटिक डिसअर्डर' अर्थात् क्रोमोजोममा हुने गडबडी हो । जसलाई आजभोलि अन्तर्राष्ट्रिय भाषामा लर्निङ वा इन्टेलेक्चअल डिसएबिलिटी भनिन्छ । सरल भाषामा भन्ने हो भने प्रत्येक व्यक्तिको जीवनकोषको केन्द्रमा २३ जोडी अर्थात् ४६ वटा क्रोमोजोम्स हुन्छन् तर, डाउन सिन्ड्रोममा भने जन्मजात शरीरमा हुने २१औँ नम्बरको जोडामा एक बढी क्रोमोजोम जोडिएर ४७ वटा हुन जान्छ । तसर्थ, यसलाई डाउन सिन्ड्रोमबाहेक "ट्राइसोमी"पनि भनिन्छ । यसले कोषको कार्य प्रणालीमा असर हुँदा शारीरिक तथा मानसिक विकासमा अवरोध पर्न जान्छ र बच्चा सुस्त मनस्थिति र कमजोर जन्मिन्छ । सन् १८६६ मा बेलायती डाक्टर जोन ल्याङ्गडन डाउनले यस अवस्थाको खोजी गरेका हुनाले उनैको नाममा यसको नामाकरण डाउन सिन्ड्रोम रहन गएको हो ।

विश्व स्वास्थ्य संगठनका अनुसार हरेक एक हजार शिशुमध्ये एकजनामा डाउन सिन्ड्रोम देखिन्छ । नेपालमा कुल जनसङ्ख्याको २० प्रतिशतमा अपाङ्गता र त्यसको ५ प्रतिशतमा डाउन सिन्ड्रोम रहेको तथ्याङ्क रहेको अनुमान छ । त्यसैगरी २५ वर्षमाथिका आमाबाट जन्मेका १ हजार २ सय ५० मध्ये एक, ३० वर्षमाथि आमाबाट जन्मेका १ हजारमध्ये एक र ३५ वर्षमाथिका आमाबाट जन्मेका ३ सय ९० मध्ये एकमा यो समस्या देखिन सक्छ ।

### डाउन सिन्ड्रोमको लक्षण

आँखा त्रेसो र सानो हुनु, नाक नेप्टो र कान पनि अलि सानो हुनु, यस्तै चेहेरा गोलो आकारको हुनु यसका लक्षण हुन् । जिब्रो मोटो भएको कारणले बच्चाले ज्रिबो निकालिरहन्छ । जिब्रो चुसिरहने बानी हुन्छ, घाँटी छोटो हुन्छ । यस्ता अनेकन लक्षणबाट जन्मिसकेको बच्चा डाउन सिन्ड्रोम भएको हो भनी चिन्न सकिन्छ । तर, बच्चा गर्भमा रहेको बेलामा चाहिँ



> डाउन सिन्ड्रोम समस्या वंशाणुगतरूपमा आउँदैन । यो कुनै रोग पनि होइन न त दैविक श्राप अथवा पूर्वजन्मको पाप । यो मात्र एक प्रकारको बौद्धिक अपाङ्गता हो । यो 'जेनेटिक डिसअर्डर' अर्थात् क्रोमोजोममा हुने गडबडी हो । जसलाई समयमै ध्यान दिए सुधार गर्न सकिन्छ ।

आमाको ब्लड टेष्ट गरेर पनि थाहा पाउन सकिन्छ । यसो हुँदा बच्चालाई जन्मदिने वा नदिने भन्ने कुरा आमाबाबुले निर्णय लिन सजिलो हुन्छ । यदि कुनै बच्चामा जन्मेपछि डाउन सिन्ड्रोमको शंका गरिएको छ भने त्यस्तो बच्चाको ब्लड टेष्ट गराएर पनि डाउन सिन्ड्रोम भएको वा नभएको पत्ता लगाउन सकिन्छ ।

### डाउन सिन्ड्रोमका किसिम

डाउन सिन्ड्रोम तीन किसिमको हुन्छ । टाइसोमिक २१, ट्रान्सलोकेशन र मोजियाक यसका किसिम हुन् । जसमध्ये धेरैमा टाइसोमिक २१को समस्या देखिन्छ । तथ्यांकअनुसार डाउन सिन्ड्रोम देखिएका बालबालिकामध्ये ९० प्रतिशतमा टाइसोमिक २१ किसिमको समस्या देखिएको छ । डाउन सिन्ड्रोम देखिएकामध्ये ४ प्रतिशत बालबालिकामा ट्रान्सलोकेशनको समस्या देखिएको छ । यस्तै, निकै न्यून संख्यामा मोजियाक डाउन सिन्ड्रोमको समस्या पनि देखिएको छ । तथ्यांकअनुसार एक प्रतिशत बालबालिकामा यस्तो समस्या देखिएको छ ।

### गर्भमै थाहा हुन्छ डाउन सिन्ड्रोम

डाउन सिन्ड्रोमबारे अझै पनि धेरै व्यक्तिलाई जानकारी नभएको चिकित्सकहरूको भनाइ छ । जाँच गरेपछि गर्भमा रहेको शिशुमा डाउन सिन्ड्रोम भए/नभएको थाहा पाउन सकिन्छ । प्रारम्भिक जाँचबाटै केही संकेत पाइए जाँच गराई डाउन सिन्ड्रोमको निदानसमेत गर्न सकिन्छ ।

पछिल्लो ४ वर्षबाट आफ्नै युट्युब च्यानलमार्फत आफ्ना सिर्जनाहरू सार्वजनिक गर्दै आएका सापकोटाको तीन वर्षअघि देवी घर्तीसँगको स्वरमा भिडियोसहित 'वनकी चरी' गीत सार्वजनिक भएका थियो । उक्त गीतले युट्युब एवं टिकटकमा राम्रो चर्चा बटुलेको थियो । यही गीतले अर्जुनलाई पहिचान मात्र दिएन, स्थापित नै गऱ्यो ।

त्यसपछि उनले 'दशैं आयो', 'जन्मेकै गाउँ रोयो' गीत गाए । त्यसले पनि राम्रै चर्चा पायो। उनको 'पिरती नलाम माया' गीत पनि उत्कृष्ट सावित भयो। यी गीतमा अर्जुनको स्वरसँगै संगीत पनि छ। त्यसपछि समीक्षा अधिकारीसँगको गीत 'पछ्यौरी लिसियो' निकै नै चर्चित बन्यो। संगीतसमेत अर्जुनकै रहेको उक्त गीतको भिडियोले युट्युबमा झण्डै तीन करोड बढी भ्युज पाएको छ । राजु परियार, कमला घिमिरेलगायतसँग गाएको 'फुल्यो गुराँस' पनि राम्रै चल्यो । त्यसपछि 'दुई दुना चार' बोलको गीत पनि 'करोड क्लब'मा प्रवेश गर्न सफल भयो ।

कुशल गायक तथा संगीतकार मणि सापकोटा र माता दुर्गा सापकोटाको कोखबाट ज्येष्ठ सुपुत्रका रूपमा वि.सं. २०५५ माघ १२ मा स्याङ्जाको पेलाकोट मान्थुम्कामा जन्मिएका अर्जुनका आशिका सापकोटा बहिनी र अविरल सापकोटा भाइ समेत छन् । अर्जुन पाँच वर्षको हुँदा स-परिवारसहित मध्यविन्दु ७ अम्रसा नवलपुरमा बसाइ सरका हुन् ।

हाल अम्रसामै स्थायी बसोबास गर्ने उनी गीतसंगीतका कामले राजधानीलाई कर्मथलो बनाए पनि फुर्सद पाउने बित्तिकै घर पुगिहाल्छन् । कलाकार भएपछि आएका मेला महोत्सव पनि पुग्नु पर्ने बताउँदै अर्जुनले आफूलाई गीत संगीतले नै नेपालका विभिन्न जिल्लासहित विदेशसम्म पुऱ्याएको स्मरण गर्छन्। सांगीतिक प्रस्तुतिका क्रममा उनी नेपाल बाहिर कतार, अस्ट्रेलिया र भारतसम्म पुगेका छन् । उनले स्वर दिएका गीतहरूको संख्या करिब ४ दर्जन र मोडलिङ गरेका म्युजिक भिडियोको संख्या पनि दुई दर्जनभन्दा बढी पुगिसकेको छ ।

यतिबेला उनका थुप्रै गीत सार्वजनिक हुने पर्खाइमा छन् । 'मेरो आफ्नै युट्युब च्यानलबाट आउने गरी पाँच वटा गीत तयार हुँदैछन् । अरू कम्पनीहरूको गीत पनि ल्याउने तयारी भइरहेको छ', उनले भने ।

प्रतिभा र समयलाई बुझेर मिहेनत गर्न सके गीतसंगीतमा राम्रो आम्दानी हुने अर्जुनको बुझाइ छ। 'डिजिटल प्लेटफर्म बढिरहेका छन्। त्योसँगै गीतसंगीतमा आम्दानीका स्रोतहरू पनि बढिरहेका छन् । प्रविधि बुझ्न सकियो र त्यहीअनुसार अगाडि बढ्न सकियो भने आम्दानी पनि राम्रो गर्न सकिन्छ', उनी भन्छन्, 'मेरो पारिवारिक माहोल नै संगीतमय छ।' अर्जुनका परिवारमा सबैले गीत गाउँछन् । उनको परिवारका हरेक सदस्य गीत संगीतसँग जोडिएका छन्, जसका कारण पनि उनको नसा नसामा नेपाली लोक गीत बगेको छ।

अर्जुन गायक मात्र होइनन् गीत पनि लेख्छन्, भाका बनाउँछन् र गीतको म्युजिक भिडियोमा मोडलिङसमेत गर्छन् । आफू व्यावसायिक मोडेल नभए पनि कम्तीमा आफ्ना गीतमा आफैँले अभिनय गर्दा फाइदा पनि हुने र दर्शकले फरक फरक पहिचानले चिन्दा आफैँलाई लाभ हुने उनको बुझाइ छ।

अर्जुनले अभिनय गरेको पछिल्लो गीत 'च्याप्प पर्वते माया'ले टिकटकमा तहल्का मच्चाइरहेको छ। उनका बुवाले पहिल्यैदेखि गीत लेख्ने, गाउने गर्थे । यद्यपि, परिस्थितिले उनले त्यसबेला गीत रेकर्ड गर्न पाएनन्। तर बुवाले आफूलाई गीतसंगीतमा लाग्न सानैदेखि प्रेरित गरेको अर्जुन बताउँछन्। अर्जुनका बुवाले सिर्जना गरेका गीतहरूमा चर्चित गायक/गायिकाहरूले समेत स्वर दिइसकेका छन् । अर्जुनले पनि 'परदेशीको पीडा' बोलको तीज गीतमार्फत बुवासँग पहिलो पटक सांगीतिक सहकार्य गरेका हुन् । बुवाको शब्दमा छोराको स्वर रहेको उक्त गीतले युट्युबमा राम्रो भ्युज पायो। त्यसयता बुवाले लेखेका अन्य गीतमा पनि उनले स्वर भरेका छन् । त्यसबखत जिल्लासँगै बाहिरका सांगीतिक कार्यक्रमहरूबाट उनलाई निम्तो आउन थालिसकेको थियो । 'सांगीतिक क्षेत्रमा मार्ग निर्देशन गर्ने पहिलो व्यक्ति नै बुवा हुनुहुन्छ', उनी भन्छन्।

अर्जुनले प्रत्यक्ष दोहोरी पनि प्रखररूपमा गाउन सक्छन् भने स्टेजमा उनले न्याय दिएर गीत गाउन सक्ने युवा गायकको पहिचानसमेत बनाएका छन्। आफ्ना गीत संगीतलाई आफैँ डिजिटल प्लेटफर्ममा आफैँले राख्ने गरेका छन्। अविवाहित अर्जुनलाई विवाहको प्रस्ताव धेरै आउने गरेपनि आफूले गीतसंगीतमा केही नयाँ र एउटा इँटा थपेपछि घरजम गर्ने सोच बनाएको मध्यान्हसँगको कुराकानीमा बताए।

## लेखन र निर्देशन कार्यशाला सम्पन्न

**काठमाडौं/मस–** चलचित्र विकास बोर्डको आयोजनामा भारतीय चलचित्रकर्मी अनुपम बर्वेले सञ्चालन गरेको तीन दिने चलचित्र पटकथा लेखन र निर्देशन विषयक कार्यशाला सम्पन्न भएको छ।

आइतबार बोर्डको हलमा प्रशिक्षार्थीलाई प्रमाणपत्र प्रदान गर्दै समापन गरिएको कार्यशालामा ४८ जना प्रशिक्षार्थीको सहभागिता रहेको थियो । चलचित्रकर्मी बर्वेले नेपालमा अनुभवी तथा नयाँ चलचित्रकर्मीसँग तीन दिन



बिताउदा सिकाउनुका साथै सिक्न पनि पाएको बताए। 'प्रशिक्षार्थीले मसँग बाँड्नुभएको कथा र शैली मेरो लागि नयाँ थिए। अनुभव साटासाट गर्दा यसले मलाईसमेत फाइदा पुऱ्याएको छ । म पुनः नेपाल फर्किने चाहना बोकेर स्वदेश फर्किदै छु' चलचित्रकर्मी बर्वेले भने । प्रशिक्षार्थीको रुपमा सहभागी चलचित्र निर्देशक ज्ञानेन्द्र देउजाले सिकाइ कहिले नसकिने बताए। उनले भने, 'सिक्ने अवसरलाई छाड्नु हुँदैन । अन्यभन्दा सिनियर भए तापनि सँगै सहभागी हुँदा नयाँ कुराहरू सिक्न पाए। नयाँ चलचित्रकर्मी बन्ने उद्देश्य बोकेकाको सोचसँग साक्षात्कार गर्ने अवसर पाएँ।' बोर्डका अध्यक्ष भुवन केसीले सफल चलचित्र निर्माणमा संलग्न हुन पटकथा लेखन तथा निर्देशनमा गहिरो ज्ञान हुनु आवश्यक रहेकाले कार्यशालाको आयोजना गरिएको जानकारी दिए । उनले भने, 'यसले चलचित्रकर्मीलाई मनोरञ्जन मात्र होइन, विचार-उत्तेजक र सामाजिकरूपमा सान्दर्भिक सिर्जना गर्न मदत गर्नेछ।' उनले बोर्ड राष्ट्रिय चलचित्र उद्योगलाई सहयोग र प्रवर्द्धन गर्न सदैव प्रतिबद्ध रहेकोसमेत बताए । बोर्डकै सभाहलमा कार्यशाला यही चैत ३, ४ र ५ गते चलेको थियो।


## Invitation of Electronic Bids

### Urlabari Municipality
### Office of the Municipal Executive

**Urlabari, Morang**
**Koshi Province, Nepal**

**Date of Publication: 2079/12/07 (21th March 2023)**

1. The Urlabari Municipality office, invites Open Competitive Bidding electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure:

**Details of Works**

| S.No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-BlacktopRoad-Ward7-W-NCB-06-079/80 | Package IV (Nawa Durga marga kalopatre urlabari-7, Shanti marga mawa pul Dakshin nawa durga bed Bidha mandir jane sadak kalopatre urlabari-7, Bikash marga sadak kaloptre urlabari -7 morang) | 42,59,113.01 | 1,06,500.00 | 3000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## UAE मा रोजगार | Company: AL AWAD BUILDING CLEANING SERVICE
City : UAE

पूर्व स्वीकृत मितिः २०७९/१२/०६ चलानी नं.: ६०१९८४३१ LT. No.: 282965

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Cleaner | 0 | 6 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Male Cleaner | 4 | 0 | | 1000 | ३५,८८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत्र १४ गते (28 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/ कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कम्पनीले | बिमा हुने / प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | निःशुल्क | कम्पनीले | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराएको जानकारी :- १. आफ्नो नाममा भिजा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सिँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Paramount Human Resources Pvt. Ltd.**
Kalanki-14 (Citizen Bank), Kathmandu, Nepal, Ph. No.: 01-5235179
5235081, 5234123, Mob.: 9851082115
Email: paramount.humanresource@gmail.com Govt. Lic. No: 319/059/060

## कतारमा रोजगार | कम्पनी: GULF WAREHOUSING COMPANY
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०८/१७ चलानी नं.: ६०१६९५०६ LT. No.: 252511 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1750 | ६२,९६५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ चैत १४ गते (28 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**डायना ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ४०८/०६०/०६१
बाल कुमारी, ललितपुर, नेपाल
फोन नं: ०१-५१८६३८४/५१८६३८५/५१८६४२९/५१८६३२८

## युएईमा रोजगार | कम्पनी: HIRMAS REAL ESTATE L.L.C.
शहर: UAE

पुर्व स्वीकृत मितिः २०७९/१२/०६ चलानी नं.:६०१९८४६८ LT. No.: 282962

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 10 | 0 | स. काममा दक्ष | 800 | २८,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत १४ गते (28 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Dynamic Sales & Services (P) Ltd.**
श्रम इजाजत नं. १०९/०५४/०५५
Post Box No. 2012, Tokha 7 Basundhara Chauki, Kathmandu, Nepal
Phone: 00977-1- 4354614,4356831, 4356625
E-mail: info@dssnepal.com, Website: www. dssnepal.com

## Invitation for Electronic Bids

### Tikapur Municipality
### Office Of The Municipal Executive

**Sudurpaschim Provience ,Tikapur,Kailali**

**Invitation for National Competitive Bidding for the Procurement of Following Goods.**

**Date of publication: 2079-12-07 B.S. (21-03-2023 AD)**

1. Tikapur Municipality,Office Municipal Executive,Tikapur invites National Competitive Bidding (NCB) from registered Firm for the Supply and Delivery of *following goods.*
2. The Estimated amount for the good is as specified on the following Table.

| SN | Contract ID. | Contract name | Bid Security Amount | Bid Document Cost | Quantity (No.) |
|---|---|---|---|---|---|
| 1.0 | TMO/NCB/043/ GOODS/2079/ 080 | Supply and Delivery Of Truck Mounted Garbage/Refuse Compactor 9 CUM. .at Tikapur Municipality Office,Tikapur Kailali.. | Nrs.2,00,000.00 | NRs:3000.00 | 1.0 |

3. Eligible Bidders may get further information on telephone : 091-560118,email: tikapurmun@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. *Bidders shall have submit their bid electronically only. No hard copy will be provided or accepted in the office.*
5. Electronic Bid Must Be submitted through e-procurement Portal www.bolpatra.gov.np/egp. before 12:00 hour, **2080/01/07** and Bids shall be opened in the presence Or in the absence of Bidders' representatives chosen by Bidders to attend at 14:00 hour and **2080/01/07** at the office of Tikapur Municipality,Tikapur,Kailali.
6. Bids must be valid for a period of *90 days* after bid opening and must be accompanied by bid security, amounting as specified for each item in the following table, which shall be valid for *30 days* beyond the bid validity period.
7. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Deposit Office Account No.: **10703000003000000001** at *Nepal Bank Ltd., Tikapur Branch* and submit the receipt of the deposited amount of cash along with the bid document and for Bid Document Fee Bidder should ( Mandatory mention Contract no. or contract name in deposited bank voucher ) deposit cash in Office Account no.: **10703000001001000001** at Nepal Bank Ltd. Tikapur,Branch.
8. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bids.
10. The Employer reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever.

**(Chief Administrative Officer)**

# थ्री नेसन्स कपको तयारी पूरा विजेताले ५ हजार डलर पाउने




**काठमाडौं/मस-** अखिल नेपाल फुटबल संघ (एन्फा) को आयोजनामा प्रधानमन्त्री थ्री नेसन्स कप फुटबल प्रतियोगिता यसै सातादेखि राजधानीमा हुने भएको छ। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा यही चैत ८ देखि १७ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा विभिन्न तीन राष्ट्रको सहभागिता रहने एन्फाका प्रवक्ता सुरेश शाहले जानकारी दिए।

उनका अनुसार प्रतियोगितामा आयोजक नेपालसहित भुटान र लाओसको सहभागिता रहनेछ। उक्त प्रतियोगिताको लागि भुटान र लाओसका खेलाडी नेपाल आइसकेका छन्। सिङ्गल राउन्ड रोबिनका आधारमा हुने उक्त खेलमा उत्कृष्ट दुई टोलीले यही चैत १७ गते फाइनल खेल्नेछन्। उक्त प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने टोलीले पाँच हजार अमेरिकी डलर प्राप्त गर्नेछन्, भने दोस्रो हुने टोलीले तीन हजार अमेरिकी डलर पाउनेछन्।

त्यसैगरी हरेक खेलमा म्यान अफ द म्याच घोषित हुने खेलाडीलाई २५० अमेरिकी डलर प्रदान गरिने एन्फाले जनाएको छ। त्यस्तै प्रतियोगितामा उत्कृष्ट घोषित हुने खेलाडीलाई पाँच सय अमेरिकी डलर प्रदान गरिने छ। उक्त प्रतियोगितको पुरस्कार राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले प्रदान गर्ने आयोजक एन्फाले जनाएको छ।

त्यस्तै उक्त प्रतियोगिताको खेल हेर्नका लागि एन्फाले साधारण प्याराफिटतर्फ रु पाँच सय र भिआईपीतर्फ रु एक हजार मूल्य तोकिएको छ। खेलको टिकट खल्ती एपबाट वा दशरथ रङ्गशालाकामा रहेको खल्तीका स्टलबाट किन्न सकिनेछ। उक्त प्रतियोगिताको लागि रु एक करोड ७५ लाख ६६ हजार चार सय ८० खर्च लाग्ने आयोजकले जनाएको छ।

# नेपाल भारतसँग पराजित



**काठमाडौं/मस-** साफ यू-१७ महिला च्याम्पियनशिप फुटबल प्रतियोगिताको पहिलो खेलमा नेपाल भारतसँग पराजित भएको छ। बंगलादेशको ढाकास्थित वीर श्रेष्ठ शहीद सिपाही मुस्तफा कमल स्टेडियममा आज भएको खेलमा भारतले नेपाललाई ४-१ गोलअन्तर पराजित गरेको हो।

भारतको जितमा शिल्जी शाजीले ह्याट्रिक पूरा गरिन् भने पूजाले एक गोल गरिन्। नेपालका लागि वर्षा ओलीले एक गोल फर्काइन्। खेलको दशौँ मिनेटमा भारतकी शिल्जी शाजीले गोल गर्दै शुरुवाती अग्रता दिलाइन्। त्यस्तै खेलको ४०औं मिनेटमा शाजीले व्यक्तिगत दोस्रो गोल गर्दै भारतलाई २-० को अग्रता दिलाइन्। खेलको पहिलो हाफको ४१औं मिनेटमा पूजाले एक गोल थपिन्।

त्यसपछि खेलको ५४औं मिनेटमा नेपालकी खेलाडी वर्षा ओलीले गोल गर्दै खेललाई ३-१ को स्थितिमा ल्याइन्। त्यस्तै खेलको ८०औं मिनेटमा शाजीले ह्याट्रिक पूरा गर्दै भारतलाई ४-१ को जित दिलाइन्। जितसँगै भारतले पहिलो खेलमा ३ अंक जोडेको छ।

प्रतियोगितामा आयोजक बंगलादेश, नेपाल, भारत, भुटान र रसियाको सहभागिता रहेको छ। नेपालले आफ्नो दोस्रो खेलमा बुधबार भुटानसँग खेल्नेछ।

# अन्जनी क्वाटरफाइनलमा




**काठमाडौं/मस-** नेपालकी अन्जनी टेली भारतको राजधानी नयाँ दिल्लीमा जारी आईबीए महिला बक्सिङ च्याम्पियनसिपको क्वाटरफाइनलमा प्रवेश गरेकी छिन्। महिला ५२ केजी तौल समूहमा हाइटीका खेलाडी क्याटरिन मारिया स्टालीङलाई ५-० अंकले पराजित गर्दै अन्जनीले क्वाटरफाइनलमा स्थान पक्का गरेकी हुन्।

अब अन्जनीले मार्च २२ तारिखमा बेलारुसका खेलाडी युलिया अपनासोमिचसँग प्रतिस्पर्धा गर्ने छिन्। युलियाले उज्वेकिस्तानका खेलाडीलाई स्पीट डिसिजनमा पराजित गरेकी थिइन्।

यसअघि नेपालका लागि पदकको आश गरिएको सुष्मा तामाङ ४८ केजी तौल समूहमा बल्गेरियाका खेलाडीसँग ३-४ अंकको भिनो हार व्यहोरी प्रतियोगिताबाट बाहिर भइन्।

संगीता सुनारले ६० केजी तौल समूहमा अष्ट्रेलियाका खेलाडीसँग ४-१ को अन्तरले हार व्यहोरेकी थिइन्। ७० केजी तौल समुहमा नेपालकी सरस्वती राना सर्वियाका खेलाडीसँग ५-० अंकले हार व्यहोरिन्।

त्यस्तै मिनु गुरुङ ५४ केजी तौल समूहमा थाइल्याण्डसँग, ५७ केजी तौल समूहमा चन्द्रकला थापा भनेजुएलासँग र ५० केजी तौल समूहमा अस्मीत दुवाल बोत्स्वानाका खेलाडीसँग ५-० अंकको आधारमा पराजित भएका थिए।

# स्याङ्जाको फेदी खोलामा जिल्लास्तरीय पुरुष भलिबल हुने

**काठमाडौं/मस-** यही चैतको दोस्रो शाता स्याङ्जाको फेदी खोलामा जिल्लास्तरीय पुरुष भलिबल प्रतियोगिता आयोजना हुने भएको छ। हिमशिखर क्लबको आयोजनामा चैतको १३ देखि १६ गतेसम्म जिल्ला स्तरीय पुरुष भलिबल आयोजना हुन लागेको हो।

क्लबले हरेक वर्ष आयोजना गर्दै आइरहेको चैते दशैं मेलाको अवसरमा उक्त प्रतियोगिताको आयोजना गर्न लागेको हो। प्रतियोगितामा प्रथम हुने टोलीले १ लाख ११ हजार १ सय ११ र दोस्रो हुने टोलीले ७१ हजार १ सय ११ प्राप्त गर्ने छन्। प्रतियोगिताको सेमिफाइनल पुग्ने टोलीलाई आयोजकले नै खानपिन र बासको व्यवस्था गर्ने छ।

टोलीहरुले प्रतियोगितामा सहभागी हुनका लागि ५ हजार प्रवेश शुल्क तिर्नुपर्ने छ। प्रतियोगिताको दौरान ४० वर्ष भन्दामाथीका खेलाडीहरुको भेट्रान्स खेल समेत हुने छ।

**प्रमाणपत्र हराएको सूचना**

चन्द्र के.सी. को नाममा रहेको रा.प.बोर्ड रजिस्ट्रेशन नं.६८४६४६००६ र सिम्बल नं.२४६०१४१६ रहेको रा.प.बोर्ड (कक्षा ११ र १२) को माईग्रेसन प्रमाणपत्र स्वयम्भु बाट कंलकी जाने क्रममा हराएको हुनाले पाउनु हुने महानुभावले निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध छ।

**चन्द्र के.सी. (९८५१०९८४१५)**

## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**उर्लाबारी, मोरङ**
**कोशी प्रदेश, नेपाल**

## डिजिटल नागरिक वडापत्र तथा डिजिटल वोर्ड निर्माणको लागि शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७९/१२/०६)**

१. उर्लावारी नगरपालिका नगरकार्यपालिकाको कार्यालय मोरङ्ग, योग्य बोलपत्रदाताहरु बाट, शिलवन्दी दरभाउपत्रको माध्यमवाट डिजिटल नागरिक वडापत्र तथा डिजिटल बोर्ड निर्माण गर्नको लागी यो शिलवन्दी दरभाउपत्र आव्हन गर्दछ।

२. योग्य दरभाउपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि वा शिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन्:- खरिद कर्ता :- उर्लावारी न.पा. कार्यालय, मोरङ, मोवाईल नं :- ९८५२०३०९१९ वा ०२१५४०००० वा ९८२९३१४९४९

३. शिलवन्दी दरभाउपत्र सम्वन्धी कागजात यो सुचना राष्टियस्तरको दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन सम्ममा कार्यालय समय भित्र रु २०।- को टिकट टाँस गरी तोकिएको राजश्व रकम रु. १,०००।- (पछि फिर्ता नहुने गरी राजश्व खाता नं.- कृषि विकास बैंक उर्लावारी शाखा ०६००१७०११५०५९५१४८ नं. मा ) वुझाइ खरिद गर्न सकिने छ।

४. इच्छुक फर्म, कम्पनी, सप्लायर्स वा संस्थाले शिलवन्दी दरभाउपत्र फाराम खरिद गर्दा आ.व. २०७९।०८० सम्मको लागि नविकरण गरीएको सम्बन्धित विषयको कारोवार गर्ने इजाजत पत्र वा फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर, (PAN/VAT) नागरिकताको प्रमाणपत्र र आ.व.२०७८।०७९ सम्मको कर चुक्ता गरेको प्रमाणपत्रका प्रतिलिपिहरु मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गराई निवेदन साथ संलग्न राखि प्रोपाइटर स्वयं उपस्थित भई वा आधिकारिक मन्जुरनामा सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिने छ।

५. दरभाउपत्र फाराम पेश गर्दा यो सूचना प्रकाशित भएको मितिले १६ औ दिनको ठिक १२:०० बजे भित्र शिलबन्दी खाममा यस कार्यालयलाई सम्बोधन गरी के कामको लागि दरभाउपत्र फाराम पेश गर्न लागिएको हो सो कामको विवरण नाम,ठेगाना, फोन नं. समेत खुलाई आधिकारिक व्यक्ति द्धारा बोलपत्र फाराम नगरकार्यपालिकाको कार्यालयमा दर्ता गराउन सकिने छ। दर्ता हुन आएको फाराम कार्यालय प्रमुखको दस्तखत तथा यस कार्यालयको छाप लागेको हुनु पर्नेछ।

६. दर्ता भएका शिलवन्दी दरभाउपत्र फारामहरु १६ औ दिनको दिनको ठिक १.०० बजे शिलवन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएमा पनि शिलवन्दी दरभाउपत्र फाराम खोल्न बाधा पर्ने छैन।

७. शिलवन्दी दरभाउपत्र फाराम दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

८. दरभाउपत्रको मान्य अवधी कोहकमा शिलवन्दी बोलपत्र खोलिएको दिनदेखि गणना हुने गरी कमश कम्तिमा १२० दिनसम्मको लागि मान्य हुनेछ।

९. दरभाउपत्र पेश गर्दा मुल्य अभिबृद्धि कर सहितको दर पेश गर्नु पर्नेछ।

१०. दरभाउपत्र पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।

११. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु कार्यालयबाट उपलव्ध गराईएको बोलपत्र कागजात अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा यस नगरपालिका वाट जारी गरिएको सार्वजनिक खरिद नियमावली २०७५ एवम् प्रचलित ऐन नियमानुसार हुने छ। (कार्यालयको धरौटी खाता नं. ०६०१७०११५०५९५०२४)

**कामको विवरण**

| सि.नं | प्याकेज नं. | खरिदको आइटम | इष्टीमेट रकम (मु.अ.कर बाहेकको को) | खरिदको माध्यम | फाराम दस्तुत | जमानत रकम | सूचना अवधी |
|---|---|---|---|---|---|---|---|
| १. | जिन्सी ०५/०७९।०८० | डिजिटल नागरिक वडापत्र तथा डिजिटल वोर्ड निर्माण सम्बन्धी | १७,५१,८३३।३३ ( अक्षेरेपी रु. सत्र लाख एकावन्न हजार आठ सय तेतिस रुपयां पैशा तेतिस मात्र) | शिलबन्दी दरभाउ पत्र | १,०००।- | ५३,०००।- | १५ दिनका |

**प्रमुख प्रशासकिय अधिकृत**

## Madhyabindu Municipality
## Office of Municipal Executive
***Madhyabindu-7, Chormara, Nawalparasi (East of Bardghat Susta)***
***Gandaki Province, Nepal***

## Invitation for Bid

**First Date of publication: 2023-03-21 (2079-12-07)**

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost of **Goods** and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites **electronics Bids** from eligible bidders for the following work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at https://www.bolpatra.gov.np/egp
4. electronic bids must be submitted to the office through PPMO's e-GP system www.bolpatra.gov.np/egp .Bids received after this deadline will be rejected.
5. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nepal Bank Limited
   Name of Office: Madhyabindu Municipality
   Acoount Number (Revenue): 31803000001001000001

| Identification No. | Description of work | Procurement Type | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents / bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 07/MBMG/Goods/2079/80 | Procurement of Tractors and other Mechanical Equipment for Madhyabindu Municipality | NCB- GOODS | 3000/- | 215000 | 90 days/ 120 days after bid opening | 2023-04-20 (2080-01-07) 12.00 | 2023-04-20 (2080-01-07) 14.00 |

**Chief Administrative Officer**

## ‘ग्लोबल मनी विक–२०२३’ शुरु

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ चैत

‘प्लान योर मनी, प्लान्ट यो फ्यूचर’ भन्ने नारासहित ‘ग्लोबल मनी विक - २०२३’ सोमबारदेखि शुरु भएको छ। हरेक वर्ष मार्च महिनामा साताव्यापी रूपमा मनाइने ग्लोबल मनी विकको यो एघारौं संस्करण हो । उक्त अभियानको पहिलो दिन नेपाल राष्ट्र बैंकले विभिन्न कलेजका सयभन्दा बढी विद्यार्थीको सहभागितामा ललितपुरमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गरेको छ । नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, सहकारी विभाग र नेसनल बैंकिङ इन्स्टिच्युट लिमिटेडसँगको सहकार्यमा उक्त कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रमको उद्घाटन गर्दै गभर्नर महाप्रसाद अधिकारीले सो अवसरमा नेपालमा बचतको तुलनामा उपभोग र खर्च गर्ने प्रवृत्ति बढी रहेको बताएका थिए । ‘राष्ट्रिय आयसँग दाँजेर हेर्ने हो भने हाम्रो बचतको प्रवृत्ति कमजोर छ। त्यसैले हामीले बचत गर्ने बानीको विकास गर्नुपर्छ। बचतले नै लगानी र आम्दानीको बाटो देखाउने हो’, उनले भने ।

युवा विद्यार्थीमाझ वित्तीय जागरण र वित्तीय चेतना अभिवृद्धिका लागि ग्लोबल मनी विकको अभियान महत्वपूर्ण अवसर रहेको उनको भनाई थियो । बैंकिङ, पुँजी बजार, बीमा जस्ता वित्तीय क्षेत्रबारे जानकारी लिन र आफूले सिकेका ज्ञान/सीपलाई आफ्ना समाज र परिवारमा समेत प्रवाह गर्न गभर्नर अधिकारीले विद्यार्थीलाई आग्रह गरे ।

कार्यक्रममा नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेशकुमार हमाल, नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल, डेपुटी गभर्नरद्वय डा.




नीलम ढुंगाना तिम्सिना र बमबहादुर मिश्रसँगै राष्ट्र बैंक र वित्तीय क्षेत्रका अन्य नियामक निकायका उच्च अधिकारीहरूको उपस्थिति थियो। कार्यक्रममा गभर्नरको कार्यालयका का.मु. कार्यकारी निर्देशक किरण पण्डितले स्वागत मन्तव्य राख्दै ग्लोबल मनी विकको सान्दर्भिकता र औचित्यबारे प्रकाश पारेका थिए ।

चैत १२ गतेसम्म सञ्चालन हुने उक्त अभियानअन्तर्गत नेपाल राष्ट्र बैंकको संयोजनमा मुलुकभर वित्तीय सचेतना अभिवृद्धिमा सहयोग पुग्ने किसिमका चेतनामूलक कार्यक्रमहरू सञ्चालन हुनेछन् । नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, सहकारी विभाग, नेसनल बैंकिङ इन्स्टिच्युट लिमिटेड, कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषमार्फत अलगअलग रूपमा युवालक्षित वित्तीय चेतनामुलक कार्यक्रम आयोजना हुनेछन्। साथै, बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवा प्रदायक, रेमिट्यान्स कम्पनीले समेत ग्लोबल मनी विकका लक्षित कार्यक्रमहरू सञ्चालन गर्नेछन् ।

यस अभियानअन्तर्गत बैंकिङ वित्तीय, पुँजी बजार, बीमा, सहकारी सेवाका विषयमा सचेतना अभिवृद्धिलाई लक्षित गरेर विभिन्न कार्यक्रम तय गरिएका छन् । जसअन्तर्गत वित्तीय सचेतनामूलक अन्तरक्रिया, र्‍याली र विद्यार्थीमाझ चेतनामूलक प्रतियोगिता सञ्चालन हुनेछन् भने सञ्चार माध्यम तथा सामाजिक सञ्जालबाट चेतनामूलक कार्यक्रम, श्रव्यदृष्य सामग्री र अन्तर्वार्ताहरू प्रसारण गरिनेछन् ।

यस्तै, युवा विद्यार्थीलाई वित्तीय सेवाप्रदायक संस्थाको अवलोकन गराउने कार्यक्रमसमेत तय गरिएको छ । उक्त अभियानबाट युवा विद्यार्थीमा वित्तीय साक्षरताको प्रवर्द्धन र वित्तीय पहुँच विस्तारसँगै स्वरोजगार सिर्जना र उद्यमशीलताको विकास, उत्पादन तथा आयस्तर अभिवृद्धि भई मुलुकको आर्थिक समृद्धिको लक्ष्य प्राप्तिमा सहयोग पुग्ने अपेक्षा राखिएको छ । ‘ग्लोबल मनी विक’ मूलतः किशोर/किशोरी तथा युवा/युवतीमा वित्तीय शिक्षाको महत्त्वबारे जागरण ल्याउने उद्देश्यका साथ विश्वव्यापी रूपमा थालिएको अभियान हो ।

## राष्ट्रिय वाणिज्य बैंकद्वारा नवनियुक्त कर्मचारीहरूलाई तालिम

**काठमाडौं/मस** – राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले लोक सेवा आयोगबाट सञ्चालित लिखित परीक्षा तथा अन्तरवार्ताबाट कोशी र मधेस प्रदेशका लागि छनौट भएका नवनियुक्त सहायक प्रशासन सेवाका ११७ जना कर्मचारीहरूलाई आइतबारबाट चौध दिने पूर्व सेवाकालीन तालिम काठमाडौंमा सञ्चालन गरिरहेको छ ।

तालिमको उद्घाटन गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंक ग्राहकहरूलाई आधुनिक गुणस्तरीय बैंकिङ सेवा दिई संस्थाको उत्पादकत्व वृद्धि गर्न यो युवा जनशक्ति उपयोग हुने बताए । उनले अन्य प्रदेशका सहायक स्तरका कर्मचारीहरूको भर्ना प्रक्रिया छिट्टै पूरा भएपछि पुरानो बैंक नयाँ कर्मचारीले युक्त हुने बताए ।




कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले नवनियुक्त कर्मचारीहरूलाई कार्यस्थलमा जिम्मेवारी बहन गर्दा अपनाउनुपर्ने कर्तव्य बोध गराएका थिए । मानव संसाधन विभागका विभागीय प्रमुख भीमप्रसाद घिमिरेले नवनियुक्त सहायक प्रशासन सेवाका ११७ जना कर्मचारीहरूलाई बैंकको कर्मचारी सेवा विनियमावली बमोजिम शपथ गराए । कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृतहरू देवेशप्रसाद लोहनी, पवन रेग्मी, विनयरमण पौडेल, दुर्गाकुमारी कँडेल, विभागीय प्रमुख पद्यमा लक्ष्मी जिसी लगायत कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

## नक्सालदेखि नगरकोटसम्म एनओजी राइड सम्पन्न

**काठमाडौं/मस** – जगदम्बा मोटर्सले नक्साल शोरुमदेखि नगरकोटसम्म एनओजी (एन्टर्क ओनर्स ग्रुप) राइड सम्पन्न गरेको छ। गत चैत ४ गते शनिबार आयोजना भएको राइड नक्साल शोरुमबाट शुरु भएर नगरकोटसम्म पुगेर समापन भएको थियो । टिभिएस मोटर कम्पनीको लागि नेपालको एक



मात्र आधिकारिक वितरक रहेको जगदम्बा मोटर्सले उक्त राइडमा सहभागीहरु बीच विभिन्न गेमहरु पनि खेलाइएको थियो ।

करिब ५० जना राइडरहरु सहभागी भएको उक्त राइड सम्पूर्ण सुरक्षा सावधानीहरुका साथ नेपाल सरकारको अनुमति लिएर सञ्चालन गरिएको आयोजकले जनाएको छ। साथै उक्त राइडमा प्राविधिक टिमले विभिन्न सडक सुरक्षाको बारेमा जानकारी प्रदान गर्नुको साथै राइडरले अपनाउनुपर्ने नियम र सुरक्षाको जानकारी पनि प्रदान गरिएको थियो ।

## सत्यदीप र एसबी ग्रुप लुब्रिकेन्ट उत्पादनको चरणमा

**काठमाडौं/मस** – अटोमोबाइल पार्ट्स व्यवसायको क्षेत्रमा प्रतिष्ठित सत्यदीप ग्रुपले खाद्य उद्योग तथा अक्सिजन ग्यास उत्पादनमा संलग्न एसबी ग्रुपसँग मिलेर ‘नेपाल गोल्ड’ ब्रान्डको लुब्रिकेन्ट र ग्रिज उत्पादन गर्ने भएको छ। यी दुई समूहको लगानीमा सञ्चालित युनाइटेड लुब्रिकेन्ट्स इन्डष्ट्रिजले धनुषाको ढल्केवर-३ लालभित्ती चोकमा ल्युब आयल ब्लेन्डिङ प्लान्ट सञ्चालन गर्ने अन्तिम तयारी गरिरहेको छ । नयाँ वर्ष २०८० पश्चात वैशाख महिनादेखि नै ‘नेपाल गोल्ड’ ब्रान्डको लुब्रिकेन्ट र ग्रिज नेपाली बजारमा उपलब्ध हुने कम्पनीले जानकारी दिएको छ ।



सत्यदीप इन्टरनेसनलका म्यानेजिङ डाइरेक्टर दीपेन्द्र मिश्रले सबै संरचना निर्माणको कार्य पुरा भइसकेको बताए । ‘वैशाख देखि नयाँ नेपाली लुब्रिकेन्टको उत्पादन प्रारम्भ हुनेछ, हामी नेपाल गोल्ड लुब्रिकेन्ट उत्पादनको व्यग्र प्रतीक्षामा छौं’, उनले भने । युनाइटेड लुब्रिकेन्ट्स इन्डष्ट्रिज प्रालिले २ बिघा ५ कठ्ठा क्षेत्रफलमा फैलिएको ल्युब आयल ब्लेन्डिङ प्लान्ट र अन्य संरचना निर्माण गरेको छ । सो क्षेत्रमा ६ वटा स्टोरेज ट्यांकी रहनेछन् र २ हजार केएल लुब्रिकेन्ट स्टोरेज गर्न सकिने छ। दैनिक रुपमा १५ हजार लिटर लुब्रिकेन्ट र १० हजार किलोग्राम ग्रिज उत्पादन गर्न सकिने छ । त्यसैगरी फिनिस्ड गुड राख्नका लागि २० हजार वर्गफिट क्षमताका दुई वटा स्टोर रहने छन् ।

बहुराष्ट्रिय कम्पनीहरुको उत्पादन भन्दा नेपालमा उत्पादन हुने नयाँ लुब्रिकेन्ट र ग्रिजको गुणस्तरमा कमी नहुने मिश्रको दाबी छ । अन्तरष्ट्रिय रुपमा उपलब्ध हुने एपीआई लगायतका विभिन्न गुणस्तर प्रमाण चिन्ह पाए बराबरको गुणस्तर यसमा हुने उनी बताउँछन् । कम्पनीको अनुसार उक्त उद्योग स्थापनाका लागि करिब ५० करोड रुपैयाँ लागत लाग्ने छ ।

एसबी ग्रुपका सञ्चालक यसबर्धन सर्राफले हालको विषम परिस्थितिमा पनि रकमको जोहो गरेर काम अगाडि बढाएका बताए । ‘बैंक तथा वित्तीय संस्थाहरुले कर्जा लगानी गर्न समेत अप्ठ्यारो मान्ने समयमा अन्य क्षेत्रको लगानी कटौती गरेर अगाडि बढिरहेका छौं, अझै पनि लगानीयोग्य रकमको खोजी गरिरहेका छौं’, उनले भने ।

नेपाल गोल्ड लुब्रिकेन्ट र ग्रिज प्याकिङका लागि लाग्ने बकेट र अन्य सामग्री समेत कम्पनी आफैले उत्पादन गर्नेछ । बजारमा २५० एमएल देखि २१० लिटर सम्मको प्याकिङमा लुब्रिकेन्ट र ग्रिज उपलब्ध हुने बताइएको छ । नेपाल गोल्ड लुब्रिकेन्ट र ग्रिज उत्पादन भए पश्चात पहिलो चरणमा करिब ५० जनाले रोजगारी पाउने सर्राफले बताए । यो नेपालको रोजगार क्षेत्रमा नयाँ अवसर समेत हुनेछ ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति २०७९/१२/०७)

यस कार्यालयबाट मिति:२०७९/१०/२० मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित तपशिलमा उल्लेखित खरिद नं. र कार्य विवरण सँग सम्बन्धित निर्माण कार्यका लागि बोलपत्र आव्हान गरिएकोमा निर्धारित समयभित्र कार्यालयमा दर्ता भएको बोलपत्रको बोलपत्रदाताको बोलपत्र न्यूनतम, मुल्याङ्कित एवं सारभुत रुपमा प्रभावग्राही देखिएकाले बोलपत्र स्वीकृतिको आशयको प्रयोजनको लागी सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोही ऐनको दफा ४७ प्रयोजनका लागि सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो ७ (सात) दिने सूचना जारी गरिएको छ ।

तपशिल

| खरिद नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक रकम भ्याट सहित |
|---|---|---|---|
| BANKE/KOMUN/W/NCB-15/2079/080 | Supply and Laying Optical fiber and CCTV Cameras with recording server and including Surveillance Analysis & Management | E3-Nexgen JV Milan marg Teku, Kathmandu | Rs.2,87,09,354.85 |

प्रमुख प्रशासकीय अधिकृत

## कियाको नयाँ एमभिपी कारेन्स नेपाली बजारमा

**काठमाडौं/मस** – कोरियाली कार निर्माता कियाले आफ्नो नयाँ एमभिपी कारेन्स नेपाली बजारमा ल्याएको छ। कम्पनीले नेपालका लागि आफ्नो अधिकृत वितरक कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेजमार्फत नेपाली बजारमा कारेन्स लन्च गरेको हो ।

कम्पनीले कियाको पछिल्लो संस्करण ‘किया कारेन्स’लाई पूर्ण आधुनिक पारिवारिक कार रहेको बताएको छ । ‘कारेन्स कार मात्र नभएर आफ्नो परिवारलाई सबैभन्दा माथि राख्ने व्यक्तिका लागि सवारीको उत्तम विकल्प हो,’ कम्पनीको विज्ञप्तिमा भनिएको छ, ‘यो आधुनिक परिवारले आदर्श मान्न सक्ने कारको लागि आवश्यक पर्ने सेफ्टी, स्पेश र स्टाइलको रुपमा आएको छ।’

किया कारेन्स भारतको प्रतिष्ठित इन्डियन कार अफ द इयर (आईसीओटीवाई) २०२३ अवार्ड प्राप्त एमभिपि हो । हालै सम्पन्न भारतको सबैभन्दा महत्वपूर्ण गाडी पुरस्कार आइसिओटिवाई को १८औं संस्करणमा एमपीभीले किया कारेन्सलाई उक्त अवाड प्रदान गरेको थियो । कम्पनीको अनुसार गत जनवरीमा भारतमा ७ हजार ९०० थान कारेन्स बिक्री भएको छ। यसअघि सन् २०२२ को जुनमा



७ हजार ८९५ युनिट बिक्री भएको थियो । एक वर्षअघि बजारमा आएपछि भारतमा ७० हजार ६५६ युनिट कारेन्स बिक्री भएको छ ।

कारेन्सको सबैभन्दा उल्लेख्य विशेषतामध्ये एक यसका १० रोबुस्ट एचआई सेफटी प्याकेज रहेको छ । यसमा ६ ओटा एयरब्याग, इलेक्ट्रोनिक्स स्टाबिलिटी कन्ट्रोल, भेहिकल स्टाबिलिटी म्यानेजमेन्ट, ब्रेक एसिस्ट, हिल स्टार्ट एसिस्ट कन्ट्रोल, डाउनहिल ब्रेक कन्ट्रोल, एन्टीलक ब्रेक सिस्टम, अल ह्विल डिस्क ब्रेक, हाइलाइन टायर प्रेसर मोनिटरिङ सिस्टम र रियर पार्किङ सेन्सर पर्छ ।

समा दुईथरी पेट्रोल इन्जिनमा उपलब्ध छ । कारेन्सका विशेषताहरुमा १९५ एमएम ग्राउण्ड क्लियरेन्स, १०.२५ इन्चको इन्फोटेनमेन्ट डिस्प्ले, डिजिटल इन्स्ट्रुमेन्टेसन, सनरुफ, दोस्रो र तेस्रो रो लागि हावाको स्पिड एडजस्ट गर्न मिल्ने छतमा जडित एयरकन भेन्टस, सिटपछाडि जडित ट्याब्लेट र स्मार्टफोन नोचयुक्त कपहोल्डर सहितको ट्रे टेबल, भेन्टिलेटेड फ्रन्ट सिटहरु, ६४ कलर एम्बियन्ट लाइटिङ, एयर प्युरिफायर, बोस अडियो सिस्टम, वान टच सेकेन्ड रो टम्बल आदि पर्दछन् । यो सात सिटर कन्फिगरेसन, ठूलो बुट स्पेस, २१६ लिटरको लगेज स्पेससहित आएको छ । यसको तेस्रो रो फोल्ड गर्दा लगेज स्पेसलाई ६४५ लिटरसम्म बढाउन सकिन्छ ।

**Invitation for Bid**

**Makawanpurgadhi Rural Municipality**
**Office of Rural Municipal Executive**
**Makranchuli, Makawanpur**
**Bagmati province, Nepal**
**First Date of Publication: -2079/12/07**

1. Makawanpurgadhi Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the following construction works under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information from PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder may download the bidding documents for e-submission from PPMO’s Web Site www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   a. **Name of the Bank: Nabil Bank Limited**
   b. **Account no.: ग.१-१ आन्तरिक राजश्व खाता नं. 22101017500055**
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00Hours on 2080/01/07. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00hours of 2080/01/07 at Makawanpurgadhi Rural municipality Office of Rural Municipal Executive, Makranchuli, Makawanpur. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by scanned copy of the bid security in .pdf format, amounting prescribed in the following table, which shall be valid for 30 days beyond the validity period of the bid.
6. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.

| S.n | Contract Id | Description of Works | Estimated Amount (NRs.) Excluding VAT and Contingency | Bid Security Amount in NRs. | Bid Document Cost(NRs.) (Non Refundable) |
|---|---|---|---|---|---|
| 1 | 11/MGRM/WORKS/NCB/2079-80 | BUNGDAL WATERSUPPLY PROJECT | 6,980,212.63 /- | 178000/- | 3000/- |
| 2 | 12/MGRM/WORKS/NCB/2079-80 | MARANGE FUTSAL DEKHI DEBI DANDA BAILEY BRIDGE SAHAYEK MARGA(PCC SLAB ROAD M15) | 3855282.44/ | 100000/- | 3000/- |
| 3 | 13/MGRM/WORKS/NCB/2079-80 | GIRI GIMDI LAMIDANDA RANI KHOLA SADAK(PCC SLAB ROAD M15) | 2995508.22/- | 75000/- | 3000/- |
| 4 | 14/MGRM/WORKS/NCB/2079-80 | SOLITHUM WATERSUPPLY PROJECT | 5,786,116.37 /- | 145000/- | 3000/- |

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ